# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्राचीन समयमा कुनैपनि पाठ्यक्रम नभएका कारण बाबुले छोरालाई र आमाले छोरीलाई आफूले जानेका ज्ञान सीप मूल्य एवंम् मान्यताहरु, संस्कार एवंम् संस्कृतिहरु एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भएको पाउन सकिन्छ। अर्थात त्यस बेला दिईने शिक्षामा अनौपचारिक रुपबाट एक पुस्ता बाट अर्को पुस्तामा हस्तान्तरण हुदै आएको कुरा उल्लेख भएको पाउन सकिन्छ। त्यस्तै पाठ्यक्रम पनि कुनै धारण वा विचार चिन्तन नभई व्यवहारिक क्रियाकलापमा आधारीत अनौपचारीक शिक्षा का रुपमा घर गृहस्थी शिक्षाका रुपमा रहेको पाउन सकिन्छ (अधिकारी, २०६५)। यससरी हेर्दा शिक्षाको सुरुआत घर परिवारबाट एक अर्काका हस्तान्तरण हुदै आएको पाईयो ।

जंगली युग पछि कृषि युगको सुरुआत भयो। मानिसहरु कामको बाँड फाड गरि खेतिपाति गर्न थाले।घरपरिवार र समाज तथा मानिसहरुको जनसंख्यामा वृद्धि हुदै गयो। जसका कारण पारिवारिक शिक्षाबाट असन्तुष्ट भई मानिसहरुले औपचारिक शिक्षाको परिकल्पना स्वरुप तत्कालिन धार्मिक संघ संस्थाहरुबाट धार्मिक शिक्षा लिन थाले (गौतम र अन्य, २०६६)। यसलाई हेर्दा जंगलि युगको सुरुआत सँगै कृषि युगमा प्रवेश गर्दा धार्मिक संघसंस्था बाट औपचारिक शिक्षा प्राप्त गरेको पाउन सकिन्छ।

यसबेला धर्मको प्रभाव बढी भएका कारण शिक्षा दिने संघ संस्थाहरु ठूला ठूला मठ मन्दिर , देवालय, शिवालय गुरुद्वार, चर्च, गुम्बाहरु रहेको पाईयो। त्यस्तै धर्म गुरुहरु तथा धार्मिक ग्रन्थहरु नै पाठ्यक्रमका रुपमा विकसीत भएको कारण धार्मिक शिक्षाको पूर्णरुपमा प्रभाव रहेको पाईन्छ। पूर्वीय सस्कार वा संस्कतिमा विभिन्न गुफाहरु एवंम जंगलका ऋषिमुनिहरुद्वारा संस्कुत शिक्षामा आधारीत नीति धर्म, कर्म वेद वेदाङ्ग आदि सम्बन्धि ज्ञान ब्राह्मण एवं क्षेत्रीका बटुकहरुलाई दिने गरेको पाईन्छ (अधिकारी, २०६५)। यसलाई हेर्दा धार्मिक संघसंस्था मार्फत धार्मिक गुरुहरु द्वारा संस्कृत शिक्षाको माध्यम बाट शिक्षा दिने गरेको पाईन्छ। फोवेलको भनाइ अनुसार मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवहरुको सार पाठ्यक्रम हो (श्रेष्ठ, २०६२)। विकासका कममा मध्य युगको आगमन सँगसँगै मानव सभ्यता एवं संस्कृतिको विकास हुन गई संसार भरी घुम्ने वा विगतका कुराहरु स्मरण गर्ने गर्छ। जसको फलस्वरुप औपचारीक शिक्षाको सुरुआत हुनगई पाठ्यकम निर्माणको विकास ऋम प्राचीन पाठ्यक्रम, संस्कृत शिक्षा, गुम्बा पाठ्यक्रम, धार्मिक पाठ्यक्रम, व्यवसायिक पाठ्यक्रम,

अंग्रेजी पाठ्यक्रम भाषा पाठ्यक्रम स्रेस्ता पाठ्यक्रम , आधारशिला पाठ्यक्रम एवं योजना वद्ध पाठ्यक्रम चलेको देखिन्छ (सिह, २०६६) ।

क्रो एण्ड क्रो को भनाई अनुसार पाठ्यक्रम एउटा यस्तो कार्यक्रम हो जसमा विद्यार्थीले विद्यालय भित्र तथा विद्यालय बाहिर हासिल गर्ने सबै सिकाई अनुभव हरु समावेश भएको् हुन्छ । जुन विद्यार्थीको बौद्धिक, शारिरीक,मानसीक, संवेगात्मक सामाजिक अध्यात्मिक र र नैतिक विकस गर्न आवश्यक छन् ( श्रेष्ठ २०६२,) ।

शैक्षिक प्रणालीको मेरुदण्ड पाठ्यक्रम भएकाले यसलाई महत्वपूर्ण चल मानिन्छ । शैक्षिक लक्ष्य तथा उद्देश्य शैक्षिक नीति, शैक्षिक  योजना संरचना अनुसार निर्माण गरिएको  शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले उद्देश्य सिकाई उपलब्धि, विषय वस्तु, शिक्षण विधि तथा मूल्याङकन प्रणाली जस्ता शैक्षिक कार्यक्रमका महत्वपूर्ण अंगहरु समेटेको हुन्छ । व्यक्ति समाज तथा राष्ट्रका आवश्यकताहरु,माग, चहाना आकांक्षाहरुमा आएको परिवर्तनको श्वरुप अनुसार देशको शिक्षा नीति तथा कार्यक्रम परिवर्तन गरिनुपर्छ । त्यस्तै विद्यालयको परिधि भित्र तथा बाहिरका विभिन्न प्रयास प्रयत्नबाट प्राप्त हुने अनुभव तथा अवसर हरुको व्यवस्थित रुप नै पाठ्यक्रम भएको हुँदा निर्धारीत लक्ष्य हासिल गर्नका लागि बनाईएको मार्गचित्रका रुपमा लिईन्छ । युनेस्कोको भनाई अनुसार सिकारुका सम्पूर्ण अनुभवहरु जो शिक्षको उद्देश्य हासिल गर्नका लागि विद्यालय तथा शिक्षक ले विद्यार्थीहरका लागि तय गरेका योजना तथा निर्देशन नै पाठ्यक्रम हो (श्रेष्ठ, २०६५) ।

पाठ्यक्रम शैक्षिक संस्थाको निर्देशन अनुसार योजना बद्ध रुपमा शिक्षक एवं विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलाप तथा विद्यार्थी हरुले प्राप्त गर्ने सिकाई अनुभवहरुको संगालो हो । यस्तै शैक्षिक लक्ष्य तथा उद्देश्यहरु प्राप्त गर्नका लागि शैक्षिक संस्था भित्र एवं बाहिर गरिने प्रयास तथा अनुभवहरुको श्रृङखला हो । जहाँ शिक्षक, शिक्षाविद्, बालमनोबैज्ञानिक, अध्यापक एवं विशेषज्ञहरुको प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नताबाट निर्माण गरिएको लिखित दस्तावेज हो । जसले सिकारु समकालिन समाज एवं राष्ट्रको विकासमा अग्रणी भुमीक निर्वाह गर्दछ (श्रेष्ठ, २०६२) ।

पाठ्क्रमको विकास गर्दा सिकारु समकालिन समाज, विषय विशेषज्ञहरु, समाजको दार्शनिक, सामाजिक तथा मनोवैज्ञानिक आधार मानेर निर्माण हुन्छ । यसरी बनेका पाठ्यक्रमलाई विज्ञान र प्रविधिको आधारमा परिमार्जन परिस्कृत गरिनुपर्दछ । जसले गर्दा निर्माण गरिएको शैक्षिक कार्यक्रम सबै र सँधैका लागि महत्वपूर्ण सान्दर्भिक एवं उपयुक्त हुन जान्छ । व्यक्ति तथा समाजका ईच्छा चाहाना आकांक्षा तथा अभिलाषाहरु अनगिन्ती हुन्छन् । उनीहरुले गर्ने सीप तथा क्रियाकलापहरु सामाजिक सांस्कृतिक धार्मिक मूल्य मान्यताहरु समय अनुसार परिवर्तनशील रहेका हुन्छन् ।

यिनीहरुलाई संरक्षण सम्बर्धन र प्रवर्धन र हस्तान्तरण गर्न शैक्षिक कार्यक्रम मार्फत सिकारुहरुलाई योग्य तथा सक्षम बनाउन पाठ्यक्रमलाई संसोधन एवं परिमार्जन गर्न जरुरी हुन्छ (ऐ.) ।

पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रमका उद्देश्य एवं विषय वस्तुको प्रकृतिका आधारमा अनुकूल पाठ्यसामाग्रीको निर्माण गरिनुपर्दछ । सिकारुको परिपक्वताको तह,कक्षा ,उमेर भाषिक सिकाई सिकारुको अनुभव सुहाउँदो सामाग्री निर्माण गरिनुपर्दछ । पाठ्यसामाग्री उपयुक्त विषय मिल्दा छैन भने त्यसले पाठ्उक्रमका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउदैन । त्यसैले पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन पाठ्यसामाग्रीहरु पनि उपयुक्त, उपयोगि, गुणस्तरीय एवं प्रभावकारी हुनु जरुरी छ । पाठ्यसामाग्रीको गुणस्तर जति उच्च भयो त्यति नै पाठ्यक्रमका उद्देश्य प्राप्ति सहज ढंगले हुन सक्दछ । पाठ्यसामाग्रीको उपयुक्तताको अध्ययन गर्दा निम्न पक्षमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । जसमा पाठ्यक्रमका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने खालको, विद्यार्थीहरुको आवश्यकता, रुची, अनुभव, उमेर, मानसीक एवं शारिरीक क्षमता, स्तर सुहाउँदो, स्थानीय स्तरमा, कम खर्चमा बनाउन सकिने, सहज ढंगले प्राप्त गर्न सकिने, सिकारुले सजिलै बुझ्न र प्रयोग गर्न सकिने , ठोस शैक्षिक सामाग्री हुनुपर्ने , सामाग्रीहरु समय र परिस्थीति सुहाउँदो , सामाग्रीहरु आकर्षित उपयोगी तथा सिकारुलाई उत्प्रेरित र जिज्ञासु बनाउने खालको सिकारुको ज्ञानात्मक विकास सीपको विकास एवं भावनामा सकरात्मक परिवर्तन गराउने खालका पाठ्यसामाग्रीको प्रयोग गरिएका भाषा शैली र उदाहरण हरु विद्यार्थीहरुमा चिन्तनको विकास गराउन सक्ने स्तर उमेर सुहाउदो कल्पन गर्न सक्ने क्षमता, तार्किक क्षमताको विकास गराउने दैनिक समस्याहरु समाधान गराउने क्षमताको विकास गराउने खालका सामाग्रीहरु मौलिक खालका उपयुक्त रंग आकार र संख्यामा आधारीत सामाग्रीहरु पाठ्यक्रमको आन्तरीक एवं बाह्य क्षमता बढाउने खालका एवं सहज रुपमा व्यवस्थापन र प्रयोग गर्न सकिने खालका हुनुपर्दछ (गौतम, निरौला र अन्य, २०६६) ।

यी माथि उल्लेख गरिएका पक्षहरुलाई समेटेर पाठ्यसामाग्रीको निर्माण गर्ने हो भने सिकारुहरुलाई सहजता हुने देखिन्छ ।

मानिस एक सामाजिक एवं चेतनशील प्राणि भएका कारणले समाजमा रहनुका अलावा आर्थिक, सामाजिक राजनितिक एवं प्राकृतिक वातावरण बाट प्रभावित भई रहेको हुन्छ । त्यसैले उसले गर्ने हरेका क्रियाकलापहरु उसका परिवार छरछिमेक नाता गोता आदिसँग गासिएका हुन्छन् । समाजका प्राय जसो घटना एवं वस्तुहरुमा समयको अन्तराल सँगै परिवर्तन आउने हुँदा मानवले समयअनुकूल परिवर्तन हुन सकेमा मात्र आफ्नो अस्तित्व राख्न सक्दछ । जसको लागि उ सँग निश्चित सीप कुशलता तथा शिक्षाको आवश्यकता पर्दछ । मानव समाजको एक जिम्मेवार सदस्य

भएको हुनाले उसले आफ्नो घर परिवार समाज राष्ट्र एवं विश्वको बारेमा आवश्यक अध्ययन गरि ज्ञान आर्जन गर्न सकियोस भन्ने उद्देश्यले सामाजिक शिक्षा विषयको जन्म भएको देखिन्छ । जसले मानव तथा खास गरि विद्यार्थी वर्गमा प्रेम स्नेह सहानुभूती, मातृत्वको भावना सहिष्णुता जस्ता व्यक्तिगत तथा सामाजिक गुणहरुको विकास गराउनु पर्छ त्यस्तै समय सापेक्ष सक्षम बनाई अध्ययन अध्यापन कार्यमा सदैब अगाडि बढ्न हौसला प्रदान गर्दछ । त्यसैले सामाजिक शिक्षाको अध्ययनलाई प्राथमिकता दिनुपर्ने हुन्छ ।

सामाजिक अध्ययन भित्र अर्थशास्त्र, राजनिती शास्त्र भूगोल , इतिहास मानवशास्त्र , समाजशास्त्र, धर्मशास्त्र, पंचायत शिक्षा र नागरिक शिक्षा जस्ता विषयको समावेश भएको हुन्छन् । जुन विषयले बालबालिकाहरुमा सामाजिकीकरणको विकास गर्ने, समस्या  समाधान गर्न सक्ने सीप, तार्किक कुसलता, समसामयिक विषयको जानकारी लिने सीप , नेतृत्व सीप , सामाजिक मूल्यको जानकारी आार्थिक तथा सामाजिक कल्याण नागरिक शिक्षा अन्तराष्ट्रिय भावनाको विकास गराउने हुनाले यसको महत्व दिन प्रतिदिन बढ्दै गएको छ (शर्मा एण्ड शर्मा, २०६४) ।

विश्वको अविकसीत र गरीब राष्ट्र मध्ये नेपाल पनि पर्दछ । नेपाल एक बहुजातिय , बहुभाषिक विविध धर्म संस्कृतिले भरिएको प्रजातान्त्रिक स्वतन्त्रता, सार्वभौम सत्ता सम्पन्न हिन्दु राष्ट्र सम्बैधानिक राजतन्त्र हुदै गणतन्त्र भएको राष्ट्र हो । जसका कारण प्रत्येक नागरिकमा राष्ट्रिय मूल्य र मान्यताको विकासगराउन सामाजिक शिक्षाको महत्व छ भन्न सकिन्छ । नेपालमा सामाजिक शिक्षाको विकास कमलाई हेर्दा प्रचीन कालदेखि नै शिक्षा दिने कममा सामाजिक शिक्षालाई महत्व दिदै आएको पाइर्क्षन्छ । सामाजिक शिक्षा प्रचीन मध्य तथा आधुनिक कालको सुरुआतको अवस्थासम्म छुट्टा छुट्टै विषयको रुपमा नाम नदिईकन पनि अर्थशास्त्र , राजनीतिशास्त्र ग्रामीण  अर्थशास्त्र, मानवशास्त्र धर्मशास्त्र आदि विषयहरु मार्फत दिने गरेको पाईन्छ । नेपालको शिक्षा विकास क्रमलाई हेर्ने हो भने प्राचीन कालको समयमा समाजमा चलिआएको रितिरिवाज चालचलनका साथै सामाजिक मूल्य एवं मान्यताहरु परिवार बाट नै सिकाईदै आएको पाईन्छ । त्यस समयमा बालबालिकाको सामाजिक परम्परागत रुपमा एक पुस्ता बाट अर्को पुस्तामा शिक्षाको माध्यमबाट हस्तान्तरण हुदै आएको पाईन्छ (ऐ.) ।

सामाजिक अध्ययनको क्षेत्र विस्तार

विश्व ब्रहमाण्ड (बढ्दो क्रममा)

↑

अर्न्तराष्ट्रिय जगत

↑

राष्ट्र

↑

क्षेत्र

↑

जिल्ला/अञ्चल

↑

गाउँ नगर

↑

समुदाय

↑

छिमेक

↑

घर परिवार

सामाजिक अध्ययनको क्षेत्र यसको प्रकृति र स्वभाव हेर्दा विभिन्न सामाजिक विज्ञानबाट विषयवस्तु ग्रहण गरि आकार लिने हुँदा यसको सीमाङ्कन निकै बृहत र व्यापक भएको प्रष्ट देख्न सकिन्छ। नेपालको सन्दर्भमा सामाजिक अध्ययनको क्षेत्र विस्तार र घर परिवार देखि सुरुभई विश्व ब्रह्माण्ड सम्मकमश फैलिदै गएको प्रष्ट हुन सक्छ। एउटा सामान्य परिवारमा जन्मेको शिशु छर छिमेक देखि लिएर विश्व ब्रह्माण्डको घटना तथा खोजबाट प्रत्यक्ष प्रभावित हुने हुदा सामाजिक अध्ययनको क्षेत्र अत्यन्तै व्यापक रहेको प्रष्ट हुन्छ।

नेपालमा औपचारिक रुपमा सामाजिक शिक्षाको अध्ययन अध्यापन कार्य २००७ साल पछि बाट भएको पाईन्छ। वि.स. २००७ साल अगाडि इतिहास र भुगोल विषयमा अंकभार १००-१००

रहेको पाईन्छ । भने २००७ सालदेखि २०१७ सम्म इतिहास र भुगोल विषयमा पनि १००/१०० पुर्णाङ्क रहेको पाईयो । त्यस्तै वि.सं २०१७ साल सम्म ल्याब्रोटरीमा विले परीक्षणका रुपमा सामाजिक शिक्षा लागु गरेको पाईयो । वि. सं २०१८ साल देखि सबै प्राथमिक विद्यालयमा सामाजिक शिक्षा विषयको पाठ्यक्रम लागु गरियो भने साधारण माध्यमिक विद्यालय तर्फ वि.स. २०१७ - २०२७ सम्म इतिहास वा भूगोल विषयमा पूणाङ्क १०० रहेको पाईन्छ वि.स. २०२८ सालमा रा शि प यो लागु भएपछि नेपालका मा.वि.लाई साधारण, संस्कृत व्यवसायिक गरि ३ तहमा विभाजन गरियो । प्रा.वि. र नि मा. वि तहमा १०० पुर्णाङ्कको सामाजिक अध्ययन अनिवार्य विवषयका रुपमा राखियो भने मा.वि. तहमा साधारण मा वि र संस्कृत मा. वि. मा भूगोल इतिहास र पञ्चायत  गरि तीन विषयलाई सामाजिक अध्ययनका रुपमा लागु गरियो । तर व्यवसायिक मा.वि मा भने जम्मा ५० पुर्णाङ्कको पञ्चायत विषयलाई मात्र समावेश गरेको पाईयो (ऐ.) ।

वि.स. २०३८ सालमा रा.शि.प.यो . असफल भएको मूल्याङकन र परीक्षणबाट देखिएकाले सामाजिक शिक्षालाई कक्षा एक देखि सात सम्म १०० पुर्णाङ्कको अनिवार्य विषयका रुपमा र मावि तहमा कक्षा ८ मा भुगोल ७५, इतिहास ७५ र पञ्चायत ५० पुर्णाङ्क गरी अनिवार्य विषयको रुपमा समावेश गरियो । कक्षा ९ र १० मा सामाजिक विज्ञान समुहका इतिहास भुगोल नागरिक शास्त्र र अर्थशास्त्र मध्ये एक विषयलाई ऐच्छिक रुपमा छनोट गर्न पाउने व्यवस्था गरियो । वि.स. २०४६ साल पछि प्रजातन्त्रको लहरले शिक्षा क्षेत्रलाई पनि प्रभाव पाऱ्यो फलस्वरुप पाठ्यक्रमलाई समय सापेक्ष बनाउने कममा रा शि आ को प्रतिवेदन २०४९  र उच्च स्तरीय राष्ट्रिय शिक्षा  आयोग २०५५ को सिफारीस अनुसार सामाजिक शिक्षालाई प्राथमीक तह देखी माध्यमीक तहसम्म अनिवार्य विषयको रुपमा राखिएको पाईन्छ । यि विभिन्न आयोगहरुले राखेका राष्ट्रिय उद्देश्यहरुलाई पुरा गर्नका लागि सामाजिक शिक्षा विषय कोसे ढुङगा सावित हुने कुरा शिक्षाविद् हरुले व्यक्त गरेको पाईन्छ (ऐ.) ।

सामाजिक अध्ययन विषयको पाठ्यकमलाई समसामयिक व्यवहारिक र स्तरीय बनाईने दृष्टिकोण राखिएको छ । त्यस्तै सामूहिक भावनाको विकास गराई आफ्नो मुलुकको विकासका पुर्वाधार हरुको जानकारी गराउने खालको हुनुपर्दछ । देशको  राजनैतिक परिवर्तन र समाजको माग एवं चाहाना बमोजिम मानव अधिकारको विश्वव्यापी मान्यता समावेश गर्ने रहेको देखिन्छ । आफ्नो कला संस्कृति सामाजिक मूल्य र मान्यता आदिलाई निरन्तरता दिदै आर्थिक क्रियाकलाप दीगो विकास वैदेशिक रोजगार र बेरोजगारी न्युनिकरणका लागि चाल्नुपर्ने कदमहरु समावेश गरिनुपर्दछ । शान्ति सु व्यवस्था सुसासन नागरीक समाजको भुमिका आदि पक्षहरुलाई बढी मात्रामा जोड दिईनु

पर्दछ । नेपाल लगायत विश्वको भौ गोलिक अवस्था र त्यसले जनजीवनमा पारेको प्रभावको बारेमा जानकारी दिनु पर्दछ । विगतमा घटेका घटनाहरु र त्यसले पारेका प्रभावको बारेमा सचेत गराउदै जातीय क्षेत्रिय वर्गीय, लैङगीक ,सन्तुलन कायम गदै जीवन उपयोगि र व्यवहारिक ज्ञान सीप  र अभिवृत्ति पक्षहरुलाई समावेश गर्नू पर्दछ । त्यस्तै नेपालले अन्तराष्ट्रिय परिवेशमा खेलेको भुमिका अवगत गराउनु पर्दछ । परिवर्तित सन्दर्भ अनुसार असान्दर्भिक विषय वस्तुलाई हटाई प्रयोगात्मक शिक्षण पद्धति लाई जोड दिई विद्यार्थीहरुलाई खोज र अन्वेषणमा संलग्न हुन र भविष्य प्रति सचेत हुन अभिप्रेरीत गर्नु पर्दछ (ऐ.) ।

मा. वि तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको आधारमा निर्माण गरिएको पाठ्यपुस्तक अध्ययन अध्यापन पश्चात लिएको एस.एल.सी परीक्षाको प्रश्नपत्रको विषयगत बैधता कस्तो रहेको छ भन्ने सम्बन्धमा अध्ययन अनुसधान गर्नुपर्न हुन्छ अथवा प्रश्नपत्र कति वैध छ भनि जान्नु अनिवार्य हुन आउछ । मापनमा हुनुपर्ने विभिन्न गुणहरु मध्ये वैधता पनि एक हो । अथवा विद्यार्थीको उपलब्धि मापन गर्नका लागि निर्माण गरिएको प्रश्नपत्रमा वैधता हुनुपर्छ । कुनैपनि कुरा परीक्षण गर्नुका पछाडी कुनै  न कुनै उद्देश्यहरु हुन्छन् । ति उद्देश्यहरु प्राप्त गर्नका लागि नै परीक्षा निर्माण गरिएको हुन्छ । परीक्षाको ति उद्देश्यहरु कति मात्रामा प्राप्त भएका छन् भन्ने कुरासँग बैधताको सम्बन्ध हुन्छ । वा जुन कुरा मापन गर्नका लागि परीक्ष निर्माण गरिएको हो उही कुरा मापन गर्न सक्यो वा सकेन भन्ने कुरा वैध्धताले देखाउछ । जुन कुरा मापन गर्नका लागि परीक्षा निर्माण गरिएको हो उक्त परीक्षाले सो कुरा कति मात्रामा पुरा भएको छ भन्ने कुरा जनाउँछ ।

कुनैपनि परीक्षा वैधता छ कि छैन भनि सामान्यीकरण गर्नका लागि तीन चीजको आवश्यक हुन्छ जसमा पहिलो सापेक्षिक र विशिष्ट हुनुपर्ने , दोस्रो स्थिर नरहने र तेस्रो मात्रा सँग सम्बन्धित रहेको भनाइको तात्पर्य कुनैपनि परीक्षाको लागि सीमा निर्धारण गरिएको हुन्छ । जस्तै अर्धवार्षिक र वार्षिक त्यस्तै नया नया थप गरिएका विषयवस्तु अनुसार परीक्षाको निर्माण गरिएको हुन्छ र त्यस परीक्षाको वैधताको मात्रासँग सम्बन्धित रहेको हुन्छ ।

वैधता मापन गर्ने विधिहरु अलग अलग भएपनि विषयगत वैधता निश्चित गर्नका लागि कि त विषय विशेषज्ञहरुको निर्णय आवश्यक हुन्छ कि तथ्याङकीय विश्लेषणको जरुरत पर्दछ । एस.एल.सी परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्र विशिष्ट उद्देश्यलाई आधार मानेर निर्माण गरिएको हुन्छ । जुन पाठ्य बस्तुमा विद्यार्थीको उपलब्धि स्तर निर्धारण गर्ने हो सो को आधारमा प्रश्नपत्र निकालिएको हुनुपर्दछ । प्रश्नपत्र निर्माण गर्न सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व हुने गरि निर्माण गरिनु पर्दछ । ता कि जसलाई सजिलै सँग मापन गर्न सकियोस । प्रश्नपत्र निर्माण

गर्दा विशिष्ट उद्देश्यको निर्धारण हुनेगरि सम्पुर्ण पाठ्यवस्तुबाट सम्बन्धित रहने खालको हुनुपर्दछ। कुनै एक एकाई बाट २ वा सो भन्दा बढी र अन्य एकाई बाट एउटा पनि प्रश्न नराखेमा त्यस प्रश्नपत्रलाई वैध मान्न सकिदैन।

एस.एल.सी परीक्षमा सामाजिक विषयको विशिष्टिकरण तालिका २०६५ अनुसार प्रश्नपत्र निर्माण गर्ने भनिए पनि सो को आधारमा प्रश्नपत्र निर्माण गर्न कठिनाई देखिन्छ किनभने एकाइ एक देखि नौ सम्म विषय क्षेत्र अलग अलग रहेका छन्। ती अलग क्षेत्रहरुबाट प्रश्नपत्र निर्माण गर्न कठिनाइ पर्न सक्छ , किनभने सबै एकाइमा पाठलाई भन्दा बढी महत्व क्रियाकलापलाइ दिएको पाईन्छ। एउटा सामाजिक विषय शिक्षकले पाठ्यपुस्तकमा दिएका सबै क्रियाकलाप विद्यार्थीलाई गराउन सक्दैन। र सबै क्रियाकलापले विद्यार्थी हरुको ज्ञान सीप खोज, समालोचनात्मक, सिर्जनात्मक चिन्तन र सीपका साथै मूल्य र अभिवृति मापन गर्न सक्दैन। त्यस्तै नेपाल लगायत विश्व परिवेशमा घटेका समसामयिक घटनाहरुबाटा पनि विभिन्न प्रश्नहरु सोध्ने गरेको पाईन्छ। जुन प्रश्न विद्यार्थीले थाहा पाउन सकिरहेको हुदैन। यो प्रश्न बाट विद्यार्थीको क्षमता कसरी मापन गर्ने र प्रश्नपत्र वैध भएको कसरी मापन गर्ने यहि नै खोजको विषय रहन जान्छ।

## १.२ समस्याको कथन

मानव मानव बीचको सम्बन्धलाई सुमधुर बनाउन व्यक्ति परिवार समुदाय जातजाति आदि बीच माया मोह स्नेह सद्भाव र मातृत्वको प्रेम बढाउने कार्यमा सामाजिक अध्ययन विषयले अहंम् भुमिका निर्वाह गरिरहेको पाइन्छ। तर वर्तमान परिप्रेक्ष्यमा देशको अवस्था अत्यन्तै विग्रदै गएका कारण जतातत‍ै हत्या हिंसा द्वन्द्व , अशान्ति विद्रोह जस्ता विकृतिहरु फैलिरहेका छन्। यी अवस्था बाट बालबालिकाहरुलाई अलग राख्नको लागि पनि सामाजिक अध्ययन विषयको प्रभावकारी शिक्षणको अपरिहार्यतालाई सबैले स्वीकार गर्नुपर्छ।

सामाजिक अध्ययन विषय नया शैलिमा र अनुसन्धान मुखी पाठ्यवस्तु हो। अझ भन्नु पर्दा विद्यार्थीलाई अरुले पस्कीदिएको बासी खानेकुरालाई ग्रहण गर्नु भन्दा आफैले ताजा खानेकुरा तयार पारी स्वाद मानि मानी खानको लागि प्रेरित गर्ने विषय हो। अर्थात् सिकाई लाई व्यवहारीक तथा विद्यार्थी केन्द्रित बनाउनको लागि विभिन्न शिक्षण विधि हरुको प्रयोग गरि शिक्षण गर्नुपर्नै हुन्छ। तर परिमार्जित पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुको उपलब्धता भएपनि यस विषयको शिक्षण सिकाई कृयाकलापमा अन्योलता कायम रहेको कारण दिईएका विषयवस्तुको अध्ययन अध्यापनमा थुप्रै समस्याहरु देखा परेका छन्।

समस्यालाई केलाउदै जाने हो भने पाठ समयमा नसकिनु , पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरु सबै शिक्षक हरुलाई ज्ञान नहुनु , पाठ्यक्रमको सान्दर्भिकता प्रति शिक्षक अनभिज्ञ हुनु सन्दर्भ सामाग्री हरु शिक्षण सिकाई क्रियाकलापमा अत्यन्तै आवश्यक भएपनि विद्यालय व्यवस्थापन समितिले उपलब्ध गराउन नसक्नु र विद्यार्थी हरु अरु विषयको तुलनामा पास भएपनि कम अंक ल्याउनु आदि रहेका छन् अर्को तर्फ पढेर होईन गरेर सीक भन्ने कथनलाई चरितार्थ पार्न समावेश गरिएका क्रियाकलापहरुले शिक्षक तथा विद्यार्थी हरुलाई मात्र नभई सम्पुर्ण विद्यालयलाई समेत अन्योलमा पार्ने काम भईरहेको पाईन्छ । किनभने एकातिर क्रियाकलापहरु पुरा गर्ने हो भने विद्यालयको साधन स्रोत समय र क्षमताले नभ्याउने अर्को तर्फ पुरा नगर्ने हो भने पाठ्यक्रमको उद्देश्य पुरा नहुने तसर्थ आज देशभरका सामाजिक शिक्षकहरु अन्योलताको शिकार रहेको कारण एस.एल.सी परीक्षामा पुग्दा समयमा विषयवस्तु पुरा नहुने वा अपुरो रहने प्राप्ताङ्क कम आउने समस्या देखिएको छ । सामाजिक अध्ययन विषयको पाठ्यक्रम एस.एल.सी प्रश्नपत्रमा विषयगत वैधताको अध्ययन पहिचान गर्नको लागि अभ्ययन कर्ताले निम्न प्रकारका प्रश्नहरुमा आधारीत भई अध्ययन गरिने छ जसमा :

- सामाजिक अध्ययन विषयको पाठ्यक्रम उपलब्धता
- सामाजिक अध्ययन विषयको शिक्षक निर्देशिका
- प्रश्नपत्र निर्माण मा विषयगत वैधता मापन
- बैधतालाई प्रभाव पार्ने तत्वहरुको पहिचान
- यसको निर्माण मा आएका समस्याहरु र निराकरण का उपायहरु
- सामाजिक अध्ययन विषयको विशिष्टिकरण तालिका

## १.३ अध्ययनको औचित्य

कुनैपनि क्षेत्र वा विषयमा गरिने अध्ययन अनुसन्धान आफैमा महत्वपुर्ण सार्थक एवं औचित्यपुर्ण रहेको हुन्छ । नेपालको वर्तमान शैक्षिक अवस्था दिनानुदिन समस्या ग्रस्त बन्दै गईरहेको छ । शिक्षा क्षेत्रमा वर्षको झण्डै १५ % बजेट लगानी गरेको भएपनि आसा गरे अनुरुप सफलता हासिल हुन सकेको छैन । शिक्षा क्षेत्रको विकास हुन शिक्षक एवं विद्यार्थीमा पाठ्यक्रम पाठ्यपुस्तकका उद्देश्यहरू राम्रा भए र मात्र पुग्दैन त्यसै अनुरुपका आवश्यक शैक्षिक सामाग्री र क्रियाकलापहरु भयो भएन भनेर बुझ्नको लागि पाठ्यक्रम र पाठ्यपुस्तकको माध्यमबाट स्तरीय एवं व्यवहारिक ज्ञान सीपहरु प्रदान गरिनु पर्दछ ।

नेपालमा मा. वि. तहमा सामाजिक अध्ययन विषय वि.स. २०५६ साल देखि अनिवार्य विषयको रुपमा स्थापित गरेको छ। यस विषयको पाठ्यक्रम एवं पाठ्यपुस्तक कार्यान्वयन कसरी भईरहेको छ ? पाठ्यपुस्तक एवं पाठ्यकम सबै विद्यलयहरु मार्फत उपयुक्त व्यवहारिक एवं समयसापेक्ष आदि रुपमा छन् कि छैनन् ? त्यसको अध्ययन अनुसन्धान गर्नु पर्दछ। एकै पटक लागु गरिएको पाठ्यक्रम एवं पाठ्पुस्तक सबै र सँधैका लागि स्तरीय एवं उपयुक्त हुदैन। किनकी समय र परिस्थिती परिवर्तन सँगैव्यक्ति समाज एवंल देशका नागरिकको इच्छा चाहाना आवश्यकता आबांक्षा एवं सामाजिक मूल्य र मान्यताहरुमा परिवर्तन आईरहन्छन् त्यसैंले पाठ्यकम कार्यन्वयनको अवस्थालाई बुझि त्यसकोनै बारेमा मूल्याङ्कन गरि त्यसमा रहेका कमी कमजोरी पत्ता लगाई समय समयमा परिमार्जन एवं संसोधन गर्ने कार्य भइरहनु पर्दछ।

त्यस्तै कार्यान्वयन गरिएका पाठ्यपुस्तक लाई आधार मानी विशिष्टिकरण तालिका अनुसार गरिएका एस.एल.सी परीक्षाको सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैधता कस्तो छ ? त्यो पनि हेर्न जरुरी हन्छ। किनभने प्रश्नपत्र निर्माण गर्दा विषय विषेषज्ञद्वारा जाँच गरिएको हुनुपर्दछ कि त तथ्याङकीय आधारमा जाँच गरिएको हुनुपर्दछ। यसरी निर्माण गरिएका प्रश्नपत्रहरु विद्यार्थीहरुको ज्ञान बोध प्रयोगात्मक खोजमूलक सीप सिर्जनात्मक सीपका साथै अभिवृद्धि तथा मूल्य मापन गर्न सक्ने खालको हुनुपर्दछ।

यस अध्ययनको औचित्य सामाजिक अध्ययनले घरपरिवार छरछिमेक समाज एवं विद्यालयमा पारेको प्रभावका साथै विद्यालय तहमा सही रुपमा पाठ्यक्रम उपलब्ध भईरहेका छन् कि छैनन् र आगामी दिनहरुमा यस विषयलाई कत्ति महत्वपुर्ण रुपमा हेरेर कार्यन्वयन गर्न सकिन्छ भन्ने सम्बन्धमा अभ्ययन अनुसन्धान गर्नको लागि छनोट गरिएको हो। सथै शिक्षा क्षेत्रसँग सम्बन्धित निकायहरु पाठ्यक्रम एवं पाठ्पुस्तक निर्माता तथा भविष्यमा यस विषयमा थप अध्ययन गर्न चाहाने जो कोहिलाई पनि आधार प्रदान गर्न समेत आवश्यक देखिन्छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नअनुसार रहेका छन् :-

क) एस.एल.सी परीक्षाको सामाजिक अध्ययन विषयको प्रश्नपत्र पुनरावलोकन गर्नु।

ख) एस.एल.सी परीक्षाको सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैधताको विश्लेषण गर्ने।

ग) एस.एल.सी परीक्षाको सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा देखिका विषयगत वैधताको समस्या पहिचान गरि सुझावहरू प्रस्तुत गर्नु।

## १.४ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् ।

क) विद्यालयमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको उपलब्धता के कस्तो रहेको छ ?

ख) सामाजिक अध्ययन विषयको प्रश्नपत्र निर्माण गर्दा शिक्षकले विषयगत वैधता कसरी कायम गरेका छन् ?

ग) विषयगत बैधतालाई प्रभाव पार्ने कारक तत्वहरु के के हुन ?

घ) शिक्षकले एस.एल.सी परीक्षाको नतिजाको आधारमा प्रश्नपत्रको पुनरावलोकन कसरी गरेको छन् ?

ङ) यस विषयको प्रश्नपत्र निर्माण गर्दा शिक्षकले विशिष्टिकरण तालिकाको प्रयोग कसरी गरेका छन् ?

## १.५ अध्ययनको परिसीमा

यो अध्ययन सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत बैधताको विश्लेषणसँग मात्र सीमित रहने छ किनभने अध्ययन अनुसन्धान कर्ता सँग साधन स्रोत र समयको सिमितता एवं अध्ययनको विषयबस्तुको गहनताका कारण ले वृहत क्षेत्रमा अनुसन्धान गरी व्याख्या एवं विश्लेषण गर्न असम्भव भएको हुँदा अध्ययनको उद्देश्य पुरा गर्नका लागि सुनसरी जिल्ला अन्तर्गत धरान नगरपालिकामा अवस्थित शिक्ष सदन स्रोत केन्द्रसँग सम्बन्धित ५ वटा विद्यालयहरूमा सिमित गरिएको छ । त्यसै विद्यालयमा संलग्न प्र.अ., विषय शिक्षकलाई उद्देश्य उन्मूख नमुना छनोट विधिको आधारमा चयन गरिएको छ । सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैधताको विश्लेषण गर्न विगत ३ वर्षमा संचालित एस.एल.सी परीक्षाका प्रश्नपत्रहरू, विशिष्टिकरण तालिका, प्रश्नावली र लक्षित समूहल छलफल जस्ता तथ्याङ्क संकलन साधन प्रयोग गरी अध्ययन पूरा गरिएको छ ।

# परिच्छेद  दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

समाजको विकास मानवको विकास सँग सँगै हुदै आएको पाईन्छ । मानिस एक सामाजिक प्राणी भएका कारण मानिसको लागि सामाजिक शिक्षाको आवश्यकता को महसुस गर्न थालियो । शिक्षँका विभिन्न विकास क्रमलाई विचार गर्दा प्रचीन काल देखि नै रीतिरिवाज चालचलनका साथै धर्म संस्कृति सामाजिक मूल्य मान्यताहरु परिवार बाट नै सिकाईदै क्रमसः ऋषिकुल, पितृकुल, राजकुल, गुरुकुल आदि शैक्षिक प्रणालीको युगमा पनि कुनै न कुनै रुपबाट सामाजिक शिक्षाका पाठहरु दिईन्थ्यो । त्यस बेलाका सामाजिक शिक्षाका विभिन्न विषयहहरु जस्तै अर्थशास्त्र, भूगोल, इतिहास,पञ्चायत,  राजनीति शास्त्र, नीतिशास्त्र, थिए । त्यस्तै बैदिक कालमा पनि धर्म शास्त्र नीति शास्त्र मार्फत सामाजिक शिक्षा दिईन्थ्यो । त्यस्तै नेपालका राणा शासन कालदेखि वि.स. २००७ साल सम्मको राजनैनिक परिवर्तन पछिका विभिन्न अवस्था हरुमा समेत सामाजिक शिक्षाको महत्वलाई स्वीकार गरि सामाजिक शिक्षाँ अर्न्तगतका विभिन्न विषयहरुलाई पाठ्यक्रममा समावेश गरिदै आएको पाईन्छ ।

कुनैपनि अध्ययन अनुसन्धान गर्दा सम्बन्धित साहित्यको अध्ययनबाट आफूले गर्ने अध्ययन अनुसन्धनलाई कसरी सिलसिलावद्ध ढंगले अगाडि बढाउने भन्ने प्रष्ट हुन्छ अध्ययन अनुसन्धानसँग सम्बन्धित विभिन्न पुस्तक लेख रचनाको माध्यमबाट आफ्नो अध्ययन विषय लाई कुन रुपमा कसरी अगाडि बढाउने भन्ने बारेमा सहयोग एवं मार्ग निर्देशन मिल्छ ।

कट्टेल (२०६४) का अनुसार पाठ्यक्रम निर्माण कार्य पुरा भईसकेपछि अथवा पाठ्यक्रम योजना र विकास कार्य गरिसकेपछि त्यसको प्रभावकारी ढंगबाट  लागू गर्ने कार्य लाई पाठ्यक्रम कार्यान्वयन भनिन्छ । जुन अति जटिल महत्वपूर्ण कार्य हो । यसको प्रभावकारी कार्यान्वयन बाट मात्र पाठ्यक्रमका उद्देश्यहरु प्राप्त गर्न सकिन्छ । पाठ्यक्रम योजना विकास कार्यन्वयन र सुधार निरन्तर चलिरहने प्रकृया हुँदा पाठ्यक्रमका उद्देश्यहरुको  प्राप्तिका लागि पाठ्यक्रमको योजना वद्ध तथा प्रभावकारी ढंगबाट उद्देश्यहरुको प्राप्तिका लागि पाठ्यक्रमको योजनावद्ध तथा प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । पाठ्यक्रम कुन स्तरमा निर्धारण गरिएको हुन्छ सोको आधारमा पाठ्यक्रम कार्यान्वयन प्रकृया अबलम्बन गरिएके हुन्छ । अर्थात् पाठ्यक्रम कार्यान्वयन गर्ने वा नगर्ने भनी निर्णय गर्न पाउने अधिकार पहिलो स्थानीय स्तरको पाठ्यक्रम निर्माण गर्ने शिक्षकलाई रहन्छ भने दोस्रो क्षेत्रीय वा राष्ट्रिय स्तरमा निर्माण गरिएको पाठ्यक्रम कार्यान्वयनमा एकरुपता ल्याउन को

लागि बाह्य पक्षको पूर्ण नियन्त्रणमा रहन्छ । पाठ्यक्रमको जुनसुकै धारणा अनुसार कार्यन्वयन गरिएता पनि तीन प्रकार बाट प्रयोगमा आएको पाईन्छ । एकै पटक लागु गर्ने विधि, परियोजना विधि, चरण वद्ध प्रकृया विधि रहेका छन् । पाठ्यक्रम कार्यन्वयनको अध्ययन अनुसन्धान गर्दा शैक्षिक वा कक्षा व्यवस्थापन शिक्षक, अभिभावक समुदाय विद्यार्थी र सुपरिवेक्षण प्रणाली मानवीय मानवीय संसाधनको उपयुक्तता एवं पर्याप्तता , भौतिक सुविधाहरुको पर्याप्तता, व्यवस्थापन र प्रयोग विद्यार्थी सहभागिता र शिक्षक विद्यार्थी अर्न्तक्रिया, मूल्याङकन प्रणालीको उपयोग , अतिरिक्त कृयाकपालपको प्रयोग , पाठ्यक्रमसँग सम्बन्धित कृयाकलापहरु पहिचान एवं समाधानका उपायको अवलम्बन एवं पाठ्यक्रम कार्यन्वयनका आन्तरीक तथा बाह्य तत्वहरुको प्रभावकारीता आदिलाई अध्ययन र विश्लेषण गर्न जरुरी हुन्छ ।

खनाल (२०६६) का अनुसार शैक्षिक अनुसन्धान पद्धतीमा उल्लेख गरिएअनुसार वैधता मापनका साधनमा हुनुपर्ने अत्वश्यक गुण हो । जुन उद्देश्य पुरा गर्न मापनको साधन निर्माण गरिएको हो उक्त साधनले सो उद्देश्य पुरा गरेको सुनिश्चित गर्दछ । परीक्षणको साधनले मापन गर्न खोजेको विषय वस्तु नै परीक्षण गरेको हो भन्ने कुराको सुनिश्चित गर्दछ भने उक्त परिक्षण को साधन वैध मानिन्छ । विश्वसनियता र वैधता मापनका साधनका आधारभुत गुण भएपनि विश्वसनियताको अभावमा वैधता सम्भव हुदैन । वैधताका लागि विश्वसनियता हुनु आवश्यक भएपनि पर्याप्त भने हुद्रैन । वैधता जाँच गर्न यसको गुणाङ्क गणना गरिन्छ ।

ज.व.रा, श्रेष्ठ र रन्जितकार (२०६७) का अनुसार शिक्षमा मापन तथा मूल्याङ्कनमा उल्लेख गरिएअनुसार वैधता उद्देश्य सँग सम्बन्धित छ । जुन उद्देश्यको लागि परिक्षणको निर्माण गारिएको छ परिक्षण को परिमाण उद्देश्य अनुसार पर्याप्त उपयुक्त रुपमा व्याख्या उपायोग गर्न सकिन्छ । भने परिक्षण वैध मानिन्छ । त्यस्तै जुन प्रयोजनको लागि परिक्षण गरिएको हो त्यसको परिमाण को व्याख्या विश्लेषण र उपयोग पर्याप्त र उपयुक्त रुपमा हुनु पर्दछ । त्यस्तै वैधता पुर्ण मात्रामा सुन्य आधारमा हुदैन यो त मात्रामा हेरिन्छ । वैधता जहिले पनि निश्चित परीक्षार्थी समूहलाई गरिएको उपयोग र विश्लेषणसँग सम्बन्धित हुन्छ । त्यसैले वैधता अर्न्तगत सम्पूर्ण मूल्याङ्कनको लेखाजोखा समावेश हुन्छ ।

पाठ्यक्रम विकास केन्द्र (२०६३) का अनुसार राष्ट्रिय पाठ्यक्म प्ररुप कार्यान्वयनमा उल्लेख गरिए अनुसार पाठ्यक्रम प्रारुप नेपालको विद्यालय शिक्षाको मूल दस्तावेज हो । यसले विद्यालय तहको शिक्षाको दृष्टिकोण नीति एवं मार्गदर्शन प्रस्तुत गरेको हुँदा यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न नीतिगत, संरचनागत र प्रकृयागत निर्णयहरु लिन जरुरी हुन्छ । यसका

लागि राजनीतिक एवं प्रशासनिक प्रतिवद्धताको आवश्यकता हुन्छ । यो राष्ट्रिय पाठ्यकम प्रारुप कार्यन्वयन कार्यलाई सहजता प्रदान गर्ने विद्यालय शिक्षाको पुन संरचना पाठ्यक्रम विकास स्वीकृति एवं पसिरमार्जन प्रकृयामा सुधार , पाठ्यक्रम सम्बद्ध शैक्षिक सामाग्री निर्माण र वितरण संस्था गत संयन्त्रको विकास पाठ्यकम मूल्याङ्कन र अनुसन्धान प्रवर्धन , विभिन्न स्तरमा परीक्षा समितिको निर्माण विद्यार्थी :मूल्याङ्कनमा सरोकारवाला हरुको सहभागिता , मूल्याङ्कन नीति कार्यन्वयनका लागि संस्थागत व्यवस्था प्रभावकारी पाठ्यकम विकास र कार्यान्ययनका लागि शिक्षकको तयारी विद्यलय समन्वय र साझेदारी , संस्थागत क्षमता र प्रारुप कार्यान्वयन राष्ट्रिय पाठ्यकम प्रारुपको परिमार्जन र सुधार आदि जस्ता व्यवस्था गरिने छ । नेपालको परिप्रेक्ष्यमा यो पहिलो प्रयास भएकाले यसलाई हाल केहि वर्षका लागि परिक्षण र प्रयोग गरि त्यसैको अनुभवका आधारमा आवश्यक सुधार गर्दै जाने दस्तावेजका रुपमा लगिने छ ।

पाठ्यकम विकास केन्द्र (२०६४) ले माध्यमिक शिक्षा पाठ्यकम भाग एकमा उल्लेख गरिएअनुसार समाजको परिवर्तन , राजनैतिक व्यवस्थाको फेरबदल , विश्वव्यापीकरण र नविनतम ज्ञानको प्रर्वतनका कारण पाठ्यक्रममा समसामयिक परिवर्तन आवश्यक भईरहन्छ । नेपालको लोकतान्त्रिक परिर्वतन ले पनि शिक्षा क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको छ । परिवर्तित सन्दर्भ र अध्ययन प्रतिवेदन समेतका आधारमा शिक्षा प्रणालीमा समसामयिक सुधार गर्ने कममा मौजुदा व्यवस्थामा पपरिवर्तन गरि कक्षा १० बाट मात्र परीक्षा सञ्चालन गर्ने २०६३ /७/ १४ को नेपाल सरकारको निर्णय कार्यन्वयन हुनुका साथै विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यकम प्रारुप समेत मिति २०६३ /१०/ २५ को नेपाल सरकारको निर्णय अनुसार स्वीकृत भई कार्यान्वयनको कममा रहेको छ राष्ट्रिय पाठ्यक्रम प्ररुप लगायत सम्बद्ध सरोकार वालाको माग, समाजको आवश्यकता, विशेषज्ञहरुको सुझाव अनुरुप पाठ्यक्रममा रहेका पाठ्यवस्तु समायोजन गरि मौजुदा पाठ्यक्रमलाई समसामयिक गर्नु आवश्यक भएको देखियो । त्यस्तै कक्षाा ८ मा जिल्ला स्तरीय परीक्षा हुने र कक्षा १० बाट एस.एल.सी. परीक्षा हुँदा कक्षा ९ र १० को संयुक्त पाठुयकमलाई अलग अलग बनाउनु पर्ने र विषयवस्तुको क्षेत्र तथा क्रमको समतलिय र लम्बिय सन्तुलन मिलाई नि मा वि तहको कमागत स्तरीकरण गर्ने आवश्यकता महसुस भयो ।

सोति (२०६३) का अनुसार माध्यमिक तहको सामाजिक शिक्षा विषयमा मूल्याङ्कन प्रविधिको प्रयोग अर्न्तगत विद्यार्थी मूल्याङ्कन गर्न के कस्ता मूल्याङ्गान प्रविधिको प्रयोग गरिदै आएको छ ? पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाले निर्दिष्ट गरेका र प्रयोग भई आएका मूल्याङ्कन प्रविधिहरु बीच के कस्तो तालमेल छ भनि राखेका उद्देश्य अनुसार दिईएको सुझावहरु यस्तो रहेको

देखियो । पाठ्यक्रमले निर्दिष्ट गरेका तर प्रयोगमा आउन नसकेका मूल्याङ्कन प्रविधिलाई एक आपसमा समायोजन गर्ने पाठ्यपुस्तकमा भएका अष्पष्ट र अव्यवहारिक अभ्यास क्रियाकलाप संसोधन गर्नुपर्ने , सामाजिक शिक्षा विषयमा समूह छलफललाई मूल्याङ्कन विधिको रुपमा प्रयोग गर्ने मूल्याङ्कन प्रविधिको महत्व , आवश्यकता र प्रयोगका सम्बन्धमा प्र.अ. शिक्षक अनभिज्ञ रहेका कारण समय समयमा पूर्नताजगी तालिम दिनुपर्ने विद्यार्थीको ज्ञान सीप र अभिवृत्तिको क्षेत्रलाई विस्तार गर्न प्रयोग एवं अध्ययन भ्रमणको व्यवस्था  प्रत्येक वर्ष कम्तिमा पनि एक पटक विद्यालय बाट नै मिलाउनु पर्ने देखिन्छ ।

श्रेष्ठ (२०६२ ) का अनुसार पठ्यक्रम र मुल्याङ्कन मा उल्लेख गरिएअनुसार विषयगत वैधता हुनका लागि परीक्षा निर्माण गर्दा शिक्षणका विशिष्ट उद्देश्यहरु निर्धारण गर्नुपर्ने, शिक्षण उद्देश्य सँग सम्बन्धित पाठ्यवस्तु निर्धारण गर्नुपर्ने , त्यस्तै प्रत्येक पाठ्यवस्तुबाट प्रश्न निर्माण गरिनु पर्दछ । पाठ्यवस्तुमा भएका शीर्षक उपशीर्षक धेरै भएको खण्डमा सबै लाई समेट्ने गरी अथवा २ वा ३ वटा पाठ्यवस्तुबाट एक एक वटा प्रतिनिधित्व हुने गरि प्रश्न निर्माण गर्नु पर्दछ । प्रश्नपत्र निर्माण गर्दा विशिष्टिकरण तालिकाको आधारमा गर्नुपर्दछ । त्यस्तै प्रश्नपत्रमा विषयगत बैधता निश्चित गर्दा विषय विशेषााज्ञहरुको निर्णय द्वारा या त तथ्याङकीय विश्लेषणका आधारमा गर्नुपर्दछ ।

## २.२ सैद्धान्तिक खाका

बेरिच (२००३) का अनुसार प्रश्नपत्रमा विषयगत वैधताको सुनिश्चित गर्नका लागि विशिष्टिकरण तालिकाको निर्माण गर्न सकिन्छ । हरेक विषयको विषयवस्तुले क्षेत्र र त्यसबाट आर्जन गर्ने उपलब्धिको निर्धारण गरी प्रत्येक एकाइबाट ज्ञान बोध र प्रयोग जस्ता तहलाई समेटि कुन कुन तहबाट कति कति प्रतिशत प्रश्नहरू छनोट गर्ने भनि निर्धारण गरिन्छ ।

त्यस्तै शिक्षक विद्यार्थी र प्रश्नपत्र निर्माणकर्तालाई परीक्षा मूल्याङ्कन कार्य गर्न सहयोग पुऱ्याउँछन् । प्रश्नपत्रलाई वैज्ञानिक र व्यवस्थित बनाइ एकरुपता ल्याउनुका साथै परीक्षामा विश्वसनियता ल्याई विद्यार्थी विद्यार्थी वीच तुलना गरिने हुँदा विद्यार्थीहरूमा सम्पूर्ण क्षेत्र र विधा समेटेर पढ्ने बानीको विकास हुने कारणले विशिष्टिकरण तालिकाको प्रयोगबाट विषयगत वैधता निर्धारण गर्न सकिन्छ (पराजुली, खनाल र अन्य, २०६६बाट उद्धृत) ।

लिन एण्ड ग्रोनलुन्ड (२०००) का अनुसार विषय विशेषज्ञ, मनोवैज्ञानिक, शिक्षा विद आदिको सम्लग्नतामा प्रतिनिधि मूलक समूहमा बराबर प्रयोग गरी परीक्षणका सम्पूर्ण त्रुटिहरूलाई हटाई बैद्यता र विश्वासनीयता सुनिश्चित गरी बनाइएको परीक्षण नै प्रामाणिक परीक्षण हो । प्रत्येक उमेर समूहका विद्यार्थीहरूको लागि प्रमाणिक परीक्षण निर्माण गरीएको हुन्छ । जसले कुनै विशिष्ट

व्यवहारको मापन गर्न प्रयोग गरिने एउटा वैध र विश्वासनीय साधनको रुपमा लिइन्छ । जसलाई विशिष्टिकरण तालिकाको आधारमा निर्माण गरिएको हुन्छ । यसले विद्यार्थीहरूलाई स्पष्ट निर्देशन दिएको हुन्छ । विशिष्टिकरण तालिकाको आधारमा प्रश्नहरू निर्माण गरिएमा वैध, विश्वासनीय र वस्तुनिष्ठ सूचनाहरू प्राप्त गर्न सकिन्छ (खनाल र अन्य,२०६५ बाट उद्धृत) ।

डि.के .ह्विलर (१९६७) का अनुसार पाठ्यक्रम विकास गर्दा पाठ्यक्रम निर्माताहरूले सर्वप्रथम लक्ष्य एवम् ध्येय छनोट गरी उद्देश्यहरू निर्धारण गर्नु पर्दछ । लक्ष्य, ध्येय र उद्देश्यहरू एक आपसमा अन्तरसम्बन्धित रहेका हुन्छन् । यसका आधारमा अपेक्षित उपलब्धिहरू प्राप्त गर्न आवश्यक पर्ने सिकाइ अनुभवहरूको छनोट गर्नु पर्दछ । जसले विद्यार्थीलाई सिकाउन खोजिएको विषयवस्तुमा पर्याप्त अभ्यास गर्ने अवसरका साथै वैध निर्धारण गरिएका लक्ष्य प्राप्त गर्न सक्ने विद्यार्थीहरूको स्तर सुहाउँदो जीवनका समस्याहरू समाधान गर्नका लागि उपयोगी हुने र विद्यार्थीहरूको प्रत्यक्ष संलग्नतामा निर्धारण गरिएका सिकाइ अनुभवहरू छनोट गर्नुपर्दछ । सिकाइ अनुभवहरूको छनोट गर्दा वैधताको सिद्धान्त, व्यापकताको सिद्धान्त, विविधताको सिद्धान्त, उपयुक्तताको सिद्धान्त, ढाँचाको सिद्धान्त, जीवनसँग सान्दर्भिकताको सिद्धान्त र सहभागिताको सिद्धान्तको आधारमा गरिनु पर्दछ । सिकारुमा अपेक्षित ज्ञान, सीप र प्रविधिको विकास गराउन विषयवस्तुको छनोट गरिनु पर्दछ । महत्वपूर्ण र वैध विषयवस्तुको अभावमा सिकारुमा अपेक्षा गरिएको व्यवहार निर्माण हुन नसक्ने र निर्धारण गरिएका उद्देश्यहरू पनि प्राप्त हुन नसकिने हुनाले विषयवस्तुको छनोट गर्दा पाठ्यक्रम निर्माताहरूले बुद्धिमता पूर्ण ढंगले आफ्नो उत्तरदायित्व बहन गर्नु पर्दछ । यसरी सिकारुका लागि छनोट गरिएको सिकाइ अनुभव र विषयवस्तुलाई अर्थपूर्ण ढंगले संगठन र एकिकरण गर्न सकिएको खण्डमा सजिलै स्तान्तरण गर्न सकिन्छ र विद्यार्थीको प्रगति कुन रुपले अगाडि बढेको छ मूल्याङकन गर्न सजिलो हुन्छ (निउरे,२०६९बाट उद्धृत) ।

## २.३ पुनरावलोकनको शैक्षिक उपायदेयता

कुनैपनि अध्ययन अनुसन्धान गर्नका लागि कसै न कसैले गरेका अनुसन्धानहरूलाई सहयोगी रुपमा लिएर आफ्नो अध्ययन गर्नुपर्ने हुन जान्छ तर यस अध्ययन अनुसन्धान सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैधताको विश्लेषण अहिलसम्म कसैले पनि नगरेको हुँदा यसका बारेमा अध्ययन गर्न केही असहज भएको देखिन्छ । त्यसैले अरुले गरेका अनुसन्धानलाई खोज गर्नु भन्दा नयाँ अनुसन्धालाई खोज गर्दा नयाँ नयाँ अनुभव हुनुका साथै आगामी दिनहरूमा यस अनुसन्धानले अन्य अध्ययन कर्तालाई पनि सहयोगी हुने देखिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रकृयाहरु

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनमा परिमाणत्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ। परिमाणत्मक अनुसन्धानलाई वैज्ञानिक व्यवस्थित र व्यवहारिक अनुसन्धान भनिन्छ। यसले अध्ययनको विषयसँग सम्बन्धित चरणहरुको कारण प्रभावका आधारमा नया सिद्धान्त अवधारणा र सार्मन्यिकरणको विकास गर्दछ। यसमा तथ्याङ्कशास्त्रीय प्रकृयाको प्रयोग गरिएको छ तर गुणात्मक अनुसन्धानलाई प्राकृतिक मानव जातिय अध्ययनको रुपमा लिइएको छ। जसले प्रकृतिक अवस्थामा प्रवेश गरी त्यसको वास्तविकता पत्ता लगाउनु, प्राकृतिक विविधता पता लगाउनु र त्यसको बारेमा अन्तरदृष्टि प्राप्त गर्नु हो। यसमा व्याख्या र विश्लेषण प्रकुयाको प्रयोग गरिएको छ। यो अनुसन्धानमा दुवै ढाँचाको प्रयोग गरिएको छ।

## ३.२ तथ्याङ्कको जनसंख्या र नमूना

अध्ययनको विषयवस्तु व्यापक र विस्तृत भएतापनि सुनसरी जिल्लाको धरान नगरपालिका भित्र रहेको सदन शिक्षा स्रोत केन्द्रहरु अर्न्तगतका ५ वटा समुदायिक माध्यमिक विद्यालयहरु, उक्त विद्यालयमा कार्यरत ५ जना र त्यस विद्यालयमा कार्यरत प्र. अ. हरु कार्यरत सामाजिक अध्ययन विषय शिक्षकहरु ५ जनालाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ।

### ३.२.१ नमूना छनोट विधि

तथ्याङ्क संकलन कार्यलाई व्यवस्थित बनाउन सदन शिक्षा स्रोत केन्द्रका ५ वटा सामुदायिक मावि लाई उद्देश्यमूलक नमूना छनोट एवं सुविधाजनक नमुना छनोट विधिबाट छानिएको छ। उद्देश्यमूलक एवं सुविधाजनक नमूना छनोट भनेको विषयवस्तु उद्देश्य र प्रकृति अनुसार अनुसन्धान कर्ताको सहजतालाई मध्यनजर गर्दै ५ वटा विद्यालयहरूमा कार्यारत ५ जना प्र अ र विषय ५ जना सामाजिक शिक्षकहरुलाई छान्ने कार्य हो। यसैलाई आधार बनाएर नमुना छनोट गरिएको छ।

### ३.२.२ नमुना छनोटको आधार

अनुसन्धान कार्यलाई पुरा गर्न आवश्यक पर्ने तथ्याङ्कका लागि नमुना छनोट गर्दा आर्थिक मितव्ययिता, भौगोलिक अवस्था, आफ्नो पहुँच यातायात र दुरीको विद्यमान अवस्था, विश्वसनियता र वैधता समावेशीका आाधाररु र सिकाई उपलब्धिलाई आधारमानी नमूना छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरू

यस अध्ययन कार्यको लागि विश्वसनिय सूचना र तथ्याङ्क सङ्कलन गर्न निम्नानुसारका साधनहरू प्रयोग गरिएको छ :

क) लक्षित समूह छलफल

नमुना छनोटमा परेका विद्यालयहरूमा पुगी सामाजिक अध्ययन विषयको प्रश्नपत्र माथिको विषयगत वैधताको विश्लेषणको लागि सामाजिक विषय शिक्षकहरूलाई लक्षित समूह छलफल प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्यांकहरू सङ्कलन गर्नको लागि अनुसूची एकमा शिक्षकहरूको नामावली राखिएको छ ।

ख) प्रश्नावली

नमुना छनोटमा परेका विद्यालयहरूका प्र.अ., विषय शिक्षकका लागि तयार पारिएका प्रश्नावली निर्देशिकाहरूलाई क्रमश अनुसूचीमा राखिएको छ र त्यसैको आधारमा अन्तरर्वाताको माध्यमबाट शीर्षकसँग सम्बन्धित तथ्याङ्कहरू विश्लेषणका गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका स्रोतहरु

यस अध्ययनका लागि तथ्याङ्क संकलनका २ वटा स्रोतहरु समावेश गरिएकोछ ।

क) प्रथामिक स्रोत

लक्षित समूह छलफल र प्रश्नावली

ख) द्वितीय स्रोत

लिखित दस्तावेज, विद्यालय अभिलेख ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरुको वैधता

यस अध्ययन कार्यका लागि विश्वसनिय सुचना र तथ्याङ्क हरु, संकलन गर्न लक्षित समूह छलफल र प्रश्नावली रहेका छन् । यी उल्लेखित साधनलाई अनुसन्धान निर्देशिका, सहयोगी मित्रहरु अग्रजहरुसँग प्रत्यक्ष भेटवार्ता एवं दुरभाष सम्पर्कबाट छलफल गरी प्राप्त निष्कर्षका आधारमा थप सुधार गरी अध्ययन प्रक्रिया अगाडी बढाई साधनहरूको वैधता निर्धारण गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रकृया

तथ्याङ्क संकलन कार्यका लागि प्रयोग गरिएका प्राथामिक र द्वितीयक विधिहरु अन्तर्गत लक्षित समूह छलफल र प्रश्नावलिको प्रयोग गरिएको छ भने द्वितीयक तथ्याङ्क संकलन प्रकृयाका लागि एस.एल.सी परीक्षाको सामाजिक अध्ययन विषयको प्रश्नपत्र, विद्यालय अभिलेख, लिखित दस्तावेजलाई प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण प्रकृया

यस अध्ययन कार्यका लागि संकलित तथ्याङ्कलाई अनुसन्धानका साधनहरुको माध्यमबाट संकलन गरी त्यसलाई परिमाणात्मक एवं गुणात्मक ढाँचाको प्रयोग गरी व्याख्या, विश्लेषण गरी विषयवस्तुको विषयगत बैधता विश्लेषण गरिएको छ ।

# परिच्छेद चार :तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनको उदेश्य परिपुर्ति गर्नका लागि अनुसूचीहरुमा भएका प्रश्नावली र लक्षित समुह छलफल आदि तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरेको छ। सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैधताको विश्लेषण सम्बन्धमा उपरोक्त साधनहरुद्वारा तथ्याङ्क संकलन गरी विभिन्न उपशीर्षकहरु अनुसार तथ्याङ्कलाई प्रस्तुतिकरण व्याख्या र विश्लेषण गरिएको छ।

## ४.१. एस.एल.सी परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्र पुनरावलोकन

एस.एल.सी परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्र पुनरावलोकन गर्नको लागि पूर्वाञ्चल विकास क्षेत्रमा सञ्चालित २०६८,२०६९ र २०७० सालका प्रश्नहरू सङ्कलन गरी ज्ञान, बोध, प्रयोगात्मक तथा खोजमुलक सीप समालोचनात्मक चिन्तन र सिर्जनात्मक सिप अभिवृद्धि तथा मूल्याकनलाई विशिष्टीकरण तालिकाको आधारमा खोज गरी व्याख्या विश्लेषण गरिएको छ।

### ४.१.१ सामाजिक अध्ययन विषयको २०६८ सालको एस.एल.सी. परीक्षाको प्रश्नपत्र

सामाजिक अध्ययन विषयको २०६८ सालको एस.एल.सी. परीक्षाको प्रश्नपत्रलाई अनुसूची २ मा राखिएको छ। जसको आधारमा निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ।

सामाजिक अध्ययन विषयको २०६८ सालको एस.एल.सी.परीक्षाको प्रश्नपत्रलाई विशिष्टिकरण तालिकाको आधारमा निर्माण गरिएको छ। पाठ्क्रमले राखेको उदेश्यअनुसार विशिष्टीकरण तालिकाको आधारमा प्रश्नहरु राखिएको छन् समुह क मा अति छोटो उत्तर दिनुहोस् भनिएको छ जुन प्रश्नहरुलाई नियालेर हेर्ने हो भने एक वाक्यमा उत्तर पुरा नहुने देखिन्छ। त्यसैले हरेक विद्यार्थीहरुलाई प्रश्नले भन्न खोजेको कुरा के हो भन्ने नै थाहा पाउन कठिनाई पर्न जान्छ। त्यसैले खन्ड ख अर्न्तगत रहेको छोटो उत्तर आउने प्रश्नहरु लाई हेर्दा पाठमा रहेको पाठ्यक्रम लाई आधार बनाएर प्रश्न निर्माण गरिएको मनिएता पनि कुनै पाठबाट २ वटा प्रश्नलाई समावेश गरिएको छ जसमा एउटा प्रश्नले ज्ञान र बोधलाई समेट्छ भने अर्कोले खोजमुलक सिपलाई लिएको छ जुन बिद्यार्थीको लागी दुविधा गर्ने खालको कुरा रहेको छ। खण्ड ग अर्न्तगत राखिएको लामो उत्तरात्मक प्रश्नहरुलाई हेर्दा ज्ञान र बोध तर्फ बाट २ वटा प्रश्न र प्रयोगात्मक सीप र सृजनात्मक सीपबाट एक एक वटा प्रश्न राखिएको छ जुन प्रश्नले भनेको कुरा विद्यार्थीका स्तरभन्दा माथि रहेको पाउन सकिन्छ।

समग्रमा हेर्दा विद्यार्थीहरुको लागि निर्माण गरिएको प्रश्नहरुले विद्यार्थी मात्र नभई शिक्षकहरुलाई समेत उत्तर दिन कठिनाई पार्न सक्छ । सबै विद्यार्थीको शैक्षिक स्तर ,रुचि , चाहाना र ज्ञान ,बोध गर्न सक्ने क्षमता अलग अलग हुने हुदा शहरमा बस्ने र दुर्गम ग्रामिण क्षेत्रमा बस्ने सबै विद्यार्थीहरुको स्तर समान नहुने हुदा प्रश्न निर्माण गर्दा सबैलाई समेट्ने खालको निर्माण गरिएको खण्डमा अवस्य पनि विषयगत वैधता भएको पाउन सकिन्छ ।

### ४.१.२ सामाजिक अध्ययन विषयको २०६९ सालको एस.एल.सी परीक्षाको प्रश्नपत्र

सामाजिक अध्ययन विषयको २०६९ सालको एस.एल.सी. परीक्षाको प्रश्नपत्रलाई अनुसूची ३ मा राखिएको छ । जसको आधारमा निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ ।

पाठ्यक्रमले तोकेको उदेश्य पुरागर्ने राखिएको बिषयबस्तुको आधारमा बिशिष्टीकरण तालिकाको अनुरुप बनाइएको प्रश्नपत्रलाई विश्लेषण गर्दा अति छोटो प्रश्नहरु सामान्य ज्ञानलाई समेट्ने गरी निर्माण गरिएको पाइयो । पाठ अनुसार बनाइएको ति प्रश्नहरु विद्यार्थीको बौद्धिक स्तर अनुसारका रहेको थिए । त्यस्तै छोटो उत्तर दिने १४ वटा प्रश्नहरुमध्ये केहि प्रश्नहरु पाठ्यवस्तुका केहि कियाकलापलाई समेटेर बनइएको थिए भने केही प्रश्नहरु पाठ अनुसार भए पनि बाहिरबाट सोधिएको थिए । जुन प्रश्नहरु अत्ति जटिल खालका रहेको पाइयो । सबै विद्यार्थीहरुको बौद्धिक स्तर समान नहुनेहुदा त्यस्ता प्रश्न विद्यार्थीको स्तर भन्दा केही माथी रहेको थिए । त्यस्तै लामो उत्तर दिनेप्रश्नहरु यस्ता थिएकि विद्यार्थीले पाठ अनुसार सोचेभन्दा वढि  खोजमुलक एंव सृजनात्मक सीप, समालोचनात्मक चिन्तन  गर्न कठिन हुने खालको रहेको पाइन्छ ।

समग्रमा हेर्दा पाठ्यवस्तु अनुसारका प्रश्नहरु नरहेको पाइन्छ । प्रश्नपत्रहरु समसामायिक र वर्तमान परिप्रेक्ष्यका भएपनि सबै विद्यार्थीहरुलाई त्यसका बारेमा अनभिज्ञता रहेको कारण प्रश्न बुझ्नु नै गाह्रो पर्न जाने देखिन्छ ।

### ४.१.३ सामाजिक अध्ययन विषयको २०७० सालको एस.एल.सी परीक्षाको प्रश्नपत्र

सामाजिक अध्ययन विषयको २०७० सालको एस.एल.सी. परीक्षाको प्रश्नपत्रलाई अनुसूची ४ मा राखिएको छ । जसको आधारमा निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ ।

विद्यार्थीहरुको लागी फलामे गेट मानिने यस एस.एल.सी.परीक्षा २०७० सालको पूर्वाञ्चल विकाश क्षेत्रको सामाजिक अध्ययन विषयको प्रश्नपत्रको बिषयगत विश्लेषण गर्दा अति छोटो  उत्तर आउने प्रश्नहरु पाठमा भएको कियाकलापहरु संग मेल खाने खालको थिए ।  बिद्यार्थीको बौद्धिक

स्तरको ज्ञान र बोध अनुसार निर्माण गरिएको थिए । त्यस्तै छोटो उत्तर आउने प्रश्नहरुको क्रमश सरल देखी जटिल सम्मका थिए जसमा प्रश्नहरुको बारेमा विद्यार्थी जानकारी प्राप्त गरेको भएपनि त्यसलाई कसरी लेख्ने अन्योलमा रहने खालको थियो । किनभने सामाजिक बिषय घोकन्ते बिद्या नभएर देश बिदेशमा भइरहेका समसामयिक घटनाहरुलाई सुनेर सोच बिचार र खोजमुलक सिप एवम सृजनात्मक सिप एवम चिन्तन मनन गरी लेख्नुपर्ने हुन्छ । त्यसैले सबै बिद्यार्थीहरुलाई बिषयमा रुचि चाहाना र उमेर स्तरको नहुन पनि सक्छ । प्राय गरेर लामो प्रश्न उत्तरात्मक प्रश्नहरु विद्यार्थीहरुलाई लेख्न कठिनाई हुने गर्दछन् । किनभने एउटा प्रश्न नेपालको नक्सा भर्ने हुन्छ त्यो त जसरी पनि बनाएर भर्नसक्छ तर अरु ३ वटा प्रश्नहरु विद्यार्थीहरुको ज्ञान बोध , सृजनात्मक सिप र चिन्तन , खोजमुलक प्रयोगात्मक सिपमा आधारीत भएर आफ्ना धारणा व्यक्त गर्नुपर्ने हुन्छ । विद्यार्थीलाई पर्यटकस्य एवम एतिहासिक स्थलमा अध्ययन एवम अवलोकन गरी त्यसको आधारमा प्रतिवेदन बनाउनु पर्ने हुदा सबै र सधैको लागी विद्यार्थीहरु उपयुक्त नभएका कारण विद्यार्थी प्रश्नहरुको उत्तर लेख्न कठिनाई पर्न जान्छ ।

त्यसैले प्रश्नहर निर्माण गर्दा विद्यार्थीहरुको इच्छा चाहाना रुचि र स्तरको अनुसार निर्माण गर्न सकियो भने अवस्य पनि प्रश्नपत्र स्तरीय हून जान्छ । त्यसैले विषयबस्तु अनुसार पनि प्रश्नपत्र निर्माण गरिनु पर्दछ । किनभने राखिएको विषयवस्तु र त्यसमा दिइएको कियाकलापहरु एक आपसमा सान्दर्भीक भएमा विद्यार्थीहरूमा अन्योलता को स्थिती पैदा नहुन सक्छ । जसले गर्दा प्रश्नपत्रमा विषयगत वैधता उच्च हुन जान्छ ।

## ४.२ एस.एल.सी परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैद्यताको विश्लेषण

एस.एल.सी.परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैधता भएनभएको विश्लेषण गर्नका लागी छनोट गरिएका विद्यालयहरु बाट प्रधानाध्यापक , विषय शिक्षकहरुलाई समावेस गरि लक्षित समुह छलफल गरिएको थियो जसको मुख्य उदेश्य भनेको विगतमा संचालित सामाजिक विषयको प्रश्नपत्रको पुनरालोकन गरि प्रश्नहरुले सबै एकाईहरुलाई समेटेको छ कि छैन् ? पाठ बाट भन्दा बाहिर बाट आएको सामान्य ज्ञान समेने प्रश्नहरु कति छन् ? आदि जस्ता प्रश्नहरुका सबल र दुर्वल पक्षहरुलाई केलाउने कार्य गरिएको थियो । यसका लागी प्रश्नावली अनुसुची निर्माण गरी छलफल कार्य गरिएको थियो ।

### ४.२.१ प्रधानाध्यापकको आधारमा

यस अध्ययन कार्यका लागि प्रधानाध्यापकसंग गरिएको अनुसूची ५ मा भएका प्रश्नावलीअनुसार प्रायः सबैको जवाफ एकै रहेको पाइयो, उहाँहरुको भनाईमा विद्यालयमा पढाई हुने सामाजिक विषय हप्तामा पाच दिन हुने गरिएको छ। शिक्षकलाई समय समयमा हुने तालिममा आवश्यकता अनुसार सहभागी गराउने कार्य भएको छ । त्यस्तै कहिलेकाही कक्षा अवलोकनको कार्य गरि आवश्यक सल्लाहलाइ सुझाव दिदै आएको छ । शिक्षकलाई प्रश्नपत्र निर्माण गर्न सुझाव दिने क्रममा विद्यार्थीहरुको उमेर , रुची चाहाना र उपलब्धी अनुसार र विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण भए नभएको छुट्याउन  लगाइएको छ। पठ्यक्रमले दिएको उदेश्य अनुसार निर्माण गरिएको विशिष्टीकरणको तालिका लाई आधार बनाएर प्रश्नपत्र निर्माण गर्न सकिन्छ । कहिलेकाही यसरी बनाएको प्रश्नपत्रले विद्यार्थीहरुको रुचि चाहाना मा ग्रहण लगाइदिने कार्य गरेको पाउन सकिन्छ । सामाजिक त्यस्तै बिषयको पाठ्यक्रमले राखेको उदेश्यहरु लाई आधार मानेर बिशिष्टीकरण तालिकाको आधारमा राखिएको एकाईहरु -विषय क्षेत्र) का पाठ्यक्रममा पनि अलग अलग रहेको पाइन्छ भने त्यस एकाइ बाट वनाइएका प्रश्नहरु पनि अलग अलग रहेको पाइन्छ । कुनै एकाईको पाठ्यक्रम वढिभए पनि परीक्षामा प्रश्न संख्या कम रहेको पाउन सकिन्छ । प्रश्नको स्तर निर्धारण गर्दा विधार्थीहरुको ज्ञान बोध व्यवहारिक सीप तथा उच्च दक्षता मापन गर्ने गरि बनाइएको खण्डमा सिकाई अभीवृद्धिमा सहयोग पुग्ने जान्छ ।

### ४.२.२ विशिष्टिकरण तालिकाको आधारमा

एस .एल सी  विशिष्टीकरण तालिका २०६५ का अनुसार सामाजिक विषयको प्रश्नपत्रलाई तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ । जसमा विषय क्षेत्र अनुसार प्रत्येक एकाईको पाठ्यभार अलग अलग रहेको पाइन्छ । विशिष्टीकरण तालिकालाई अनुसूची ६ मा प्रस्तुत गरिएको छ । जसको आधारमा निम्नानुसार तथ्याङ्कको विश्लेषण गरिएको छ ।

यस बिशिष्टीकरण तालिका लाई हेर्ने हो भने सवै भन्दा बढि ज्ञान वोध बाट १० वटा प्रश्नहरु लामो ,छोटो ,अतिछोटो रहेका छन् , जुन ३२ प्रतिशत रहेको पाइन्छ । त्यसैले प्रयोगात्मक तथा खोजमुलक सीप वाट २६ प्रतिशत रहेको पाइन्छ । समालोचनात्मक चिन्तन र सिर्जनात्मक सीपबाट २३ प्रतिशत अर्थात ५ वटा (लामो छोटो र अति छोटो ) प्रश्नहरु रहेका पाईन्छ । त्यस्तै प्रत्येक विषय क्षेत्र -एकाई) लाई आधार मानेर हेर्ने हो भने पाठ्यभार र जम्मा अंकभार भने समान रहेको पाइन्छ। प्रश्न संख्यालाई आधार मान्न् र हेर्ने  कुनै एकाई बाट प्रश्न धेरै भए पनि

खण्ड दुईमा उल्लेखित तत्वहरुलाई नसमेटेको पाइन्छ । कुनै एकाईको पाठ्यभार अति भएपनि प्रश्न संख्या कम रहेको छ भने कुनै एकाईको पाठ्यभार कम छ तर प्रश्न संख्या वढि रहेको पाइन्छ । समग्रमा हेर्दा बिशिष्टीकरण तालिका २०६५ मा उल्लेख गरिएको आधारमा प्रश्नपत्र निर्माण गरिने हुदा सबै एकाईका विषयवस्तुहरु समेट्न खोजिए पनि समेट्न नसकिएको पाइन्छ । कुनै एकाइमा राखिएका बिषयबस्तुहरु अति धेरै छन तर प्रश्न सोध्दा अत्यन्त कम सोधेको पाइन्छ । जसले गर्दा पाठ्यक्रमले राखेको उदेश्यहरु अनुरुप प्रश्नपत्र नभएका कारण विषयगत वैधता असर पर्न सक्छ ।

## ४.३.३ लक्षित समुह छलफल

एस.एल.सी.परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा बिषयगत वैधता बिश्लेषण गर्नका लागी छनौटमा परेका विद्यालयहरु विषय शिक्षकहरूलाई लिएर लक्षित समुह छलफल गरिएको थियो । अनुसुचि ७ मा बनाएका प्रश्नहरुको माध्यमबाट उक्त कार्यक्रम संचालन गरिएको थियो । जसमा सामाजिक विषयको पाठ्यक्रम पाठ्यपुस्तकको प्रयोगका आधारमा प्रश्न निर्माण के कसरी गरिएको हुन्छ ? सामाजिक बिषयको पाठ्यक्रमले राखेका उदेश्यहरु अनुरुप विद्यार्थीहरुको सक्षमता कसरी जाच्ने ? बिशिष्टीकरणको तालिका कसरी निर्माण र प्रयोग के कसरी गरिएको छ ? प्रश्नपत्र माथिको वैधता कसरी निर्धारण गर्न सकिन्छ भन्ने बारेका छलफल गरिएको थियो ।

प्राय :सबै शिक्षकहरुको भनाई एकै खालको रहेको पाइयो । पाठ्यक्रम अनुसार राखेका उदेश्यहरु पुरा गर्न राखिएका विषयवस्तु समय सार्न्दभिक रहेपनि पाठमा राखिएको क्रियाकलापहरु अस्पष्ट भएको पाइन्छ । पाठ भन्दा क्रियाकलाप बढि दिएको र क्रियाकलाप लाई कसरी गराउने सम्बन्धमा जानकारी नभएको कारणले कत्तिपय क्रियाकलापहरु तेतिकै छोड्नु पर्ने हून्छ । त्यस्तै क्रियाकलापहरु विद्यार्थीहरुलाई सक्रिय गराउने खालका भएपनि सबै र सधैका लागी असम्भव हूने देखिन्छ । बिभिन्न कारणले गर्दा शिक्षकलाई शिक्षण क्रियाकलाप गर्न गराउन कठिनाई हूने गरेको पाइन्छ ।

त्यस्तै प्रश्नपत्र निर्माण गर्दा बिशिष्टीकरण तालिकाको प्रयोगका आधारमा निर्माण गरिनु पर्दछ भनिएतापनी विभिन्न कठिनाईहरु आउने गर्दछन् जस्तै कुनै एउटा प्रश्न सबै विद्यार्थीका लागी समान नहुन सक्छ  कुनै एक लाई सजिलो लाग्ने प्रश्न अर्को लाई कठिन हून जान्छ । सामाजिक अध्ययन बिषयका लागी राखिएका बिशिष्टीकरण तालिका उदेश्यहरु र एकाई लाई समन्वय गर्ने हो भने असमानता भएको पाउन सकिन्छ । कुनै एकाई बाट  एउटा उदेश्य मात्र राखिएको छ भने त्यसबाट आउने प्रश्नहरुको संख्या ३ वटा रहेको पाउन सकिन्छ । त्यसैले कुनैपनि प्रश्नपत्र निर्माण

गर्दा राखिएका उदेश्यहरु पुरा हुनेगरी समान रुपमा विषयवस्तु छनोट गरी विद्यार्थीहरुले ज्ञान ,सीप खोज तथा चिन्तन,अभिवृति र मूल्य का आधारमा निर्माण गरिएको खन्डमा अवस्था पनि प्रश्नपत्र माथिको विषयगत वैधता सुनिश्चित हुने देखिन्छ ।

## ४.३ एस.एल.सी परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा देखिएका समस्याहरु

अध्ययनका क्रममा पाचवटा विद्यालयहरु ,त्यसमा कार्यरत पाचँ जना प्रधानाध्यपकहरु र पाच जना सामाजिक अध्ययन शिक्षणहरु संग प्रश्नावलीका आधारमा छलफल गरी निष्कर्षका रुपमा निम्न समस्याहरु निकालिएको छ ।

### ४.३.१ प्रश्नपत्र संग सम्वन्धी समस्याहरु

सामाजिक अध्ययन  विषयको पाठ्यक्रमका उदेश्य अनुसार बिशिष्टीकरण तालिकाको आधारमा निर्माण गरिएको एस.एल.सी.परीक्षाको प्रश्नपत्र पुनरावलोकन गर्दा निम्नानुसारका समस्याहरु निकालिएको छ ।

- पाठ्यक्रमले सिफारीस गरेको सम्पुर्ण बिषयहरुलाई प्रश्नपत्रले समेट्न नसकेको ।
- एकाई अनुसारको प्रश्न संख्या नभएको ।
- बिशिष्ट उदेश्य राखिए अनुसार प्रश्नपत्र निर्माण हुन नसकेको ।
- सबै विद्यार्थीको उमेर स्तरलाई समेट्ने खालको प्रश्नपत्रको निर्माण नभएको ।
- बिशिष्टीकरणको तालिकाको आधारमा प्रश्नपत्रको निर्माण गरिएको भएतापनि सबै क्षेत्रबाट प्रश्नहरु नराखिएको । कुनै २ वटा लामो उत्तर आउने प्रश्न राखिएको छ भने कुनैवाट छोटो उत्तर आउने प्रश्नमात्र समावेस भएको ।
- प्रश्पत्रले सबै बिद्यार्थीहरुको रुचि ,चाहाना र बोध जस्ता तत्वहरुलाई समेट्न नसकिएको ।
- क्षेत्रीय स्तरमा निर्माण गरिएको प्रश्नपत्रहरुले सबै तहका सबै क्षेत्रका बिद्यार्थीहरुको उपलब्धी स्तर जाँच गर्न नसकिएको
- हरेक एकाईमा राखिएको अभ्यासका क्रियाकलापहरुले विद्यार्थीको उपलब्धी स्तर जाच गर्न कठिनाई हुने हुदा त्यसवाट निकालिएका प्रश्नहरु विद्यार्थीको क्षमता भन्दा माथि रहेको

- सामुदायिक कार्य संग सम्बन्धीत हुने परियोजना कार्य जस्ता कार्ययोजना बिधी भ्रमण प्रतिवेदनले बिद्यार्थीलाई अन्योलमा राखिएको कारण यस्ता प्रश्नहरु समावेश गर्दा समस्या देखापर्ने
- सामाजिक बिषय भित्र समावेश गरिएका अन्य बिषयहरुलाई आधार मानेर प्रश्नहरुको निर्माण गरिएको भएपनि समान रुपमा नरहेको ।
- बिषयवस्तुको आधारमा प्रश्नहरु सरल देखि जटिल सम्म निर्माण गर्न मानिएता पनि बिद्यार्थीहरुको वास्तविक उपलब्धीस्तर मापन खालको नभएको ।

## ४.३.२ शिक्षकसंग सम्वन्धी समस्याहरु

यस अध्ययनका लागी बिषयशिक्षकले औल्याएका समस्याहरु निम्नअनुसार रहेको छन्

- पाठ्यपुस्तकको बिषयबस्तु धेरै भएको कारण सबै सक्न कठिनहुनु ।
- बिषयबस्तु अनुसारका क्रियाकलाप वढि भएको कारणले शैक्षिक सामाग्री आवश्यकतानुसार प्रयोग गर्न नसकिएको
- बिषयबस्तुको प्रकृती अनुसार शैक्षिक भ्रमणको व्यवस्था नभएको कारण कार्ययोजना लगायत प्रतिवेदन लेखन कार्य गर्न नसकिएको ।
- क्रियाकलापमा भएको प्रश्नहरुको आधारमा विद्यार्थीहरुको शैक्षिक उपलब्धी मुल्याङ्कन गर्न शिक्षकलाई कठिनाई हुने ।
- बिशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्र तयार गर्ने मानिएता पनि सबै बिद्यार्थीहरुलाई समेट्न खालको प्रश्न निर्माण गर्न कठिनाई हुन् ।
- पाठमा भएको सवै क्रियाकलापहरुलाई समेटेर प्रश्न निर्माण गर्न सम्भव नहूनु ।
- एस.एल.सी परीक्षाको पुनरावलोकन गर्ने भनिएता पनि प्रश्नहरु जटिल भएका कारण शिक्षकहरु नै अन्योलमा पर्न सक्ने ।
- प्रश्नपत्रमा बिषयगत बैधता निर्धारण गर्न भनिएता पनि कहिनकहि प्रश्नहरु दोहोरीने, परीक्षार्थीलाई अस्पष्टता र दुविधामा पार्न खालका र धेरै प्रश्नहरु सोधिने हुदा शिक्षकलाई प्रश्नहरु छनोट गर्न कठिनाई हुने ।

## ४.४ समस्या समाधानका उपायहरु

सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा बिषयगत वैधता कायम राख्ने अपनाउनु पर्ने उपायहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- पाठ्यक्रमले राखेको उदेश्यहरु पुरा गर्ने खालको प्रश्नपत्र निर्माण गर्नुपर्ने।
- उदेश्य अनुरुप विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्र निर्माण गरिनु पर्ने ।
- सबै एकाईहरुलाई समेटेर प्रश्नपत्र निर्माण गनुपर्ने ।
- प्रश्नपत्र निर्माण गर्दा विद्यार्थीहरुको शैक्षिक स्तर एवम रुचि चाहाना जस्ता तत्वहरुलाई समेट्ने खालको हुनुपर्छ ।
- कुनै एक क्षेत्रको प्रश्नपत्रले सबै खालका बिद्यार्थीको चाहाना रुचि पुरा नहुने हुदा बिद्यार्थीको भावना एवं भाषा अनुसारको प्रश्नपत्र निर्माण गरिनुपर्ने ।
- प्रत्येक एकाइको आधारमा प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिका अनुसार भए नभएको ध्यान दिनुपर्ने ।
- विषयवस्तु अनुसार सबै क्षेत्रबाट प्रश्नहरु राखि विषयगत वैधता भए नभएको जाच गर्ने ।
- प्रश्नहरु निर्माणगर्दा बिद्यार्थीहरुको कठिनाई  स्तरलाई ख्याल गरि क्रमश सरल देखि जटिल खालको राखिनु पर्ने ।
- सामाजिक विषयको विषयवस्तुलाई समेटेका सबै विषयवस्तु वाट समानरुपमा प्रश्नहरुको निर्माण गर्नुपर्ने ।
- पाठ्यपुस्तकमा भएका अनावस्यक क्रियाकलापहरु हटाई समसामयिक खालका क्रियाकलापहरु समावेश गर्नुपर्ने ।
- परिक्षामा प्रयोग भएका प्रश्नहरुलाई शिक्षकले ३ ४ चोटी सम्म पुनरावलोकन गरी अभ्यास गराउनु पर्ने जसले गर्दा विषयगत वैधता भएनभएको जानकारी पाउन सकिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

अध्ययनका लागी सुनसरी जिल्लाको धरान नगरपालिका स्थित तोकिएको ढाचामा तयार पारिएको प्रश्नावली ,अन्तरवार्ता र लक्षित समुह छलफल बाट प्राप्त सुचनाको आधारमा व्याख्या तथा विश्लेषण गरि निम्नलिखित प्राप्ति भएको पाइन्छ ।

२०६८ साल एस.एल.सी परीक्षामा सामाजिक अध्ययन विषयको प्रश्नपत्र लाई विश्लेषण गर्दा अति छोटो उत्तर आउने प्रश्नहरु कुनै एकाई बाट २ वटा रहेको छन् भने कुनै एकाई बाट एउटा पनि समेटेको पाइन्छ । विद्यार्थीहरुको बौद्विक स्तर माथी उठाउनका लागी उनीहरुको रुचि चाहाना  र स्तर अनुसार सबैलाई समान हुने खालको प्रश्न निर्माण गर्नुपर्न खालको हून्छ। त्यस्तै २०६९ सालको प्रश्नपत्र अनुसार अति छोटो उत्तर आउने प्रश्नले समान्य ज्ञानलाई समेटेको पाइयो । विद्यार्थीहरुको बौद्विक स्तर वृद्वि गर्न दिएका यस्ता पक्षहरु वर्तमान परिपेक्षका भएपनि सबै विद्यार्थीहरुलाई समेट्न नसक्ने खालका रहेको पाइयो । २०७० सालका प्रश्नहरु पाठ्यपुस्तकको एकाइमा आधारित क्रियाकलाप संग सम्बन्धीत भएको कारण सहज तरिको ज्ञान बोध गर्न सक्ने खालका रहेको पाइयो तर लामो उत्तरात्मक प्रश्नहरु भने विद्यार्थीको बौद्विक क्षमता भन्दा धेरै माथी रहेको पाइयो । किनभने सबै विद्यार्थीहरुलाई ऐतिहासीक घटना अध्ययन प्रतिवेदन परियोजना कार्य तथा भ्रमण प्रतिवेदनका बारेका जानकारी नभएको कारण उत्तर लेख्ने कठिनाई पर्ने गरेको पाइयो । त्यस्तै पाठ्यक्रमले राखेको उदेश्यहरुलाई समेट्ने गरी बिशिष्टीकरण तालिका को आधारमा निर्माण गरिएका प्रश्नहरु हरेक वर्ष अलग अलग तरिकाले बनाएको पाइयो । बिशिष्टीकरण तालिका अनुसार सबै भन्दा दश ( १०) प्रश्न ज्ञान र बोधबाट रहेको पाइयो । प्रयोगात्मक तथा खोजमुलक सीप ( सात )७ प्रश्न , समालोचनात्मक चिन्तन ( सृजनात्मक सीपबाट ५ प्रश्न र अभिवृत्ति र मुल्यबाट चार वटा प्रश्नहरु रहेको पाइयो । पाठ्यभार र समान रहेपनी कुनै एकाईबाट प्रश्न बढि र कुनै बाट कम रहेको पाइयो । लामो आउने प्रश्नलाई ज्ञान र बोधबाट २ वटा राखिएको छ भने अभिवृति र मुल्यमान्यताबाट एउटा पनि नरहेको पाइयो ।

पाठ्यक्रम अनुरुप राखिएका उदेश्यहरु पूरा गर्न राखिएको बिषय समय सान्दर्भीक रहेपनि पाठमा रहेको क्रियाकलापहरु कसरी गराउने भन्ने जानकारी नभएको कारण त्यतिकै छान्नुपर्ने पाइयो । प्रश्न निर्माण गर्दा पाठ्यक्रमले राखेको उदेश्य पुरा हुने गरी गरिनुपर्ने भएपनि सबै एकाईमा त्यो सम्भव नहुने भन्ने पाइयो । कुनै एकाइको उदेश्य एउटा छ तर त्यस बाट तिनवटा सम्म प्रश्न निर्माण गरिएको पाइयो । त्यसैले राखिएको उदेश्य अनुरुप बिशिष्टीकरण तालिकाको आधारमा सबै

एकाई भित्रका पाठहरुलाई समेट्ने सकेको खण्डमा अवस्य पनि प्रश्नपत्रमा बिषयगत बैधता रहन जान्छ भन्ने रहेको पाइयो ।

## ५.२ निष्कर्ष

सामाजिक अध्ययन बिषयको प्रश्नपत्रमा बिषयगत वैधताको बिश्लेषण सम्बन्धमा गरिएको अनुसन्धानबाट पाठ्यक्रमले राखेको उदेश्यहरु अनुरुप निर्माण गरिएको बिशिष्टीकरण तालिकाका आधारमा निर्माण गरिएको एस.एल.सी का प्रश्नपत्रहरुलाई बिश्लेषण गर्दा समय सार्न्दभिक रहेको पाइन्छ । पाठहरुलाई आधार मानेर राखिएको अभ्यास र क्रियाकलापहरु केही अस्पठट भए पनि एकिकृत विषय भएका कारण सबैले समेटेर प्रश्न निर्माण गर्नुपरेका कारण बिद्यार्थीहरुलाई सहज नहुन जान्छ । प्रश्न निर्माण गर्दा बिशिष्टीकरण तालिकालाई आधार मानेर बनाएको ले सबै एकाई अभ्यास र क्रियाकलापहरु सबै बिद्यार्थीहरुलाई उपयुत्त नलाग्न पनि सक्ने हुदा अनावश्यक क्रियाकलापहरुलाई हटाउनु पर्ने हुन्छ ।  सामाजिक बिषयले बिश्वभरी भए ⁄गरेका घटनाहरुलाई समेट्ने कारण सुगम स्थल भन्दा दुर्गम स्थलका विद्यार्थीहरुलाई अस्पस्ट र अस्वभाविक लाग्न जान्छ । सामाजिक विषय पढेर होइन गरेर सिक भन्ने मान्यतामा आधारीत रहेको हुदाँ सबै विद्यार्थीहरुलाई ज्ञान सीप खोज र चिन्तन गरी आफ्नो अवधारणा राख्न सकेको खण्डमा अवस्य पनि चाख लाग्दो विषय बन्न जन्छ । त्यसैले समयमा भन्नु पर्दा एस.एल.सी परीक्षाका लागी निर्माण गरिएको यस सामाजिक विषयको प्रश्नपत्रको बिषयगत वैधता रहेको पाइन्छ ।

## ५.३ सुझावहरु

सामाजिक अध्ययन बिषयको प्रश्नपत्रमा बिषयगत वैधता कस्तो रहेको छ भन्ने सम्बन्धमा बिभिन्न व्यक्तित्वहरु संगको सरसल्लाह छलफल एंव पाठ्यक्रम , पाठ्यपुस्तक को अध्ययनबाट अनुसन्धान गर्दा निम्नलिखित कुराहरुमा केही सुधार गर्नुपर्ने देखिन्छ ।

### ५.३.१ नीतिगत तह

दक्ष तथा तालिम प्राप्त व्यत्तिहरुबाट निर्माण गरिएको प्रश्नपत्र भएपनि त्यसको प्रयोग विद्यार्थीहरुमा गरिने हुदा सबै क्षेत्रमा सबै भाषा भाषीको साथै सबै अवस्थाका बिद्यार्थीहरुमा उपयुक्त हुने खालको प्रश्नपत्र निर्माण गर्नुपर्ने देखिन्छ । त्यस्तै पाठ्यक्रम एवम पाठ्यपुस्तक निर्माण गर्दा आवश्यक रुपमा पाठका साथै अभ्यास र क्रियाकलापहरु राख्नुको सट्टा समसामयिक बिषयवस्तुहरु

जुन बिद्यार्थीहरुको बौद्विक स्तर उच्च बनाउन सक्छन त्यस्ता विषयबस्तु राखेको खन्डमा न्युन आर्थिक स्तरका साथै दुर्गम क्षेत्रमा बिद्यार्थीहरु पनि लाभान्वित हुने थिए ।

### ५.३.२ कार्यान्वयन तह

परीक्षा समितीले प्रश्नपत्रको निर्माण गर्दा बिशिष्टीकरण तालिकाको आधारमा गरेको भएपनि प्रश्नपत्रको कठिनाई स्तर विश्लेषण गरी निर्माण गर्नुपर्दछ । त्यस्तै विषय शिक्षकले शिक्षणका क्रममा नमुना प्रश्नहरुको निर्माण ,पुराना प्रश्नपत्रहरुको पुनरावलोकन गरी विद्यार्थीलाई निरन्तर अभ्यास गराउनु पर्छ । शिक्षकहरुलाई पनि स्रोतकेन्द्र स्तरीय छलफल एंव अवलोकनको अवसर प्रदान गरी शिक्षणमा देखा पर्न सक्ने समस्याहरु खोजगरी समाधान गर्न तिर लाग्नु पर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धानात्मक तह

यो अध्ययन विशेषतः सामाजिक अध्ययन बिषयको प्रश्नपत्रमा विषयगत वैधता कस्तो रहेको छ भन्ने बिश्लेषण गर्नको लागी बिगत ३ बर्षका एस.एल.सी परीक्षाका प्रश्नपत्रहरु संकलन गरी बिशिष्टीकरण तालिका र पाठ्यक्रमले राखेको उदेश्यहरु बिच तुलना गरी अवलोकन गरिएको थियो । जसका लागी नमुना छनेटमा परेका ५ वटा समुदायिक विद्यालयका प्रधानाध्यपक , विषय शिक्षकहरु लाई सहभागी बनाई प्रश्नावलीका आधारमा छलफल गरी प्राप्त निष्कर्षका आधारमा अनुसंधान गरिएको हो । यसरी गरिएको अध्ययनका आधारमा  एस.एल.सी परीक्षाका प्रश्नपत्रहरु विशिष्टीकरण तालिकाको आधारमा निर्माण गरिएको खन्डमा अवस्था पनि विषयगत वैधता कायम हुने देखिन्छ ।

यस अध्ययन विशेषतः सामाजिक अध्ययन विषयको प्रश्नपत्रमा विषयगत वैद्यता के कस्तो छ भन्ने विश्लेषण गर्न खोजीएको  थियो । जसमा पाठ्यक्रमले राखेका उद्देश्यहरूलाई आधारमा मानेर विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रहरू निर्माण गरिउको हुँदा यसबाट मात्र विषगत वैद्यता पूर्ण हुन नसक्नो देखिएकाले गर्दा रचनात्मक वैधता वा आधारमा सम्बन्धी वैद्यताबाट पनि विशेष अनुसन्धान गर्नु पर्ने आवस्यक देखिएको छ ।

## सन्दर्भ सामग्री

अधिकारी, विष्णुप्रसाद (२०६५), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौः आशिष बुक्स हाउस प्रा.लि. ।

कट्टेल, बालचन्द्र (२०६४), *पाठ्यक्रम अध्ययन,* काठमाडौँः न्यू हिरा बुक्स इन्टरप्राइजेस ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धती,* काठमाडौः सनलाइट पब्लीकेशन ।

खनाल, श्रीप्रसाद र अन्य (२०६१), *गणात्मक मूल्याङ्कन अनुसन्धान,* काठमाडौः क्षितिज प्रकाशन ।

खनाल, श्रीप्रसाद  (२०६५), *कार्यक्रम मूल्यांकन,* काठमाडौः जुपीटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

गौतम, सूर्यप्रसाद र अन्य (२०६७), *शिक्षक अध्यापन अनुमतिपत्र दिग्दर्शन,* काठमाडौः मकालु प्रकाशन गृह ।

जवरा, स्वयंप्रकाश र अन्य (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौः सनलाईट पब्लिकेशन ।

निउरे, ध्रुवप्रसाद (२०६९), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौः सनलाइट पब्लिकेश ।

शर्मा, चिरन्जीवी र शर्मा, निर्मला (२०६४), *शिक्षाका आधारहरु,* काठमाडौः एम्.के पब्लिसर्श एण्ड डिष्ट्रिव्यूटर्स ।

सोती, रामचन्द्र (२०६३), *मूल्याङ्कन प्रविधिको प्रयोग,* अप्रकाशीत शोधपत्र, एम.एड. तह, त्रि.वि. काठमाडौः ।

श्रेष्ठ, प्रकाशमान (२०६२), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौः सुकुन्दा पुस्तक भवन ।

# अनुसुचि एक

## सामाजिक अध्ययन विषयमा प्रश्नपत्रको विषयगत वैधताको विश्लेषण

अनुसन्धानमा समावेश विद्यालय, प्रधानाध्यापक तथा विषय शिक्षकहरुको नामावली

| क.स | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | विषयशिक्षकको नाम |
|---|---|---|---|
| १ | श्री पब्लीक उच्च मा.बि | लेखनाथ भट्टराई | सन्तोष राय( बि.एड,अर्थ) |
| २ | श्री शिक्षा निकेतन उ.मा.बि | हिराकाजी बुढाथोकी | उमेश गुरागाई( एम.ए,अर्थ) |
| ३ | श्री शिक्षा सदन उ.मा.बि | गोपाल पौडेल | शशि श्रेष्ठ ( बि.एड भुगोल) |
| ४ | श्री पंचायत दन्तकाली मा बि | श्रीप्रसाद कोइराला | गोपाल प्रसाद पोखेल( " ) |
| ५ | श्री शहिद स्मृति मा.बि | इश्वरी सुवेदी | टंक भट्टराई ( एम.ए ,भुगोल ) |

# अनुसुचि दुई

## सामाजिक अध्ययन विषयमा प्रश्नपत्रको विषयगत वैधताको विश्लेषण

### SLC Questions 2068 (2012) *[Eastern Dev. Region]* RE-122 'C'

**समूह "क" (Group "A")**

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् । 8 × 1 = 8**

**Write very short answer of the following questions.**

1. तलको तालिका पूरा गर्नुहोस् ।
   Complete the following table.

| जातजाति (Cast/tribe) | सांस्कृतिक पर्व (Cultural festival) |
|---|---|
| ......................... | घाटुनाच (Ghatu Naach) |
| थारु (Tharu) | ..................... |

2. भ्रष्टाचार निवारणमा सञ्चार माध्यमले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । यस विषयमा हामीले सञ्चार माध्यमलाई कसरी सहयोग गर्नुपर्छ ? एक वाक्यमा लेख्नुहोस् ।
   The media can play important role to eliminate corruption. How should we support the media in this matter? Write in a sentence.
3. नेपालमा बहुमतीय निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीमध्ये कुन निर्वाचन प्रणाली उपयुक्त हुन्छ ? आफ्नो तार्किक धारणा एक वाक्यमा लेख्नुहोस् ।
   Which one election system is, either the plurality election system or proportional election system, appropriate in Nepal? Write your logical opinion in a system.
4. उष्ण तृणभूमि हावापानी क्षेत्रमा बसोवास गर्ने कुनै दुई जातिहरू उल्लेख गर्नुहोस् । Mention any two tribes who live in tropical grassland climatic region.
5. क्यानडाको न्यू फाउन्डल्याण्डमा माछा व्यवसाय फस्टाएको छ, किन ? एक प्रमुख कारण लेख्नुहोस् ।
   It has developed fisheries business in New Found Land of Canada. Why? Give a major reason.
6. ध्रुवीय क्षेत्रमा बसोवास गर्ने मानिसहरूको जीवनशैलीमा अचेल के कस्तो परिवर्तन आएको छ ? कुनै एक उदाहरणबाट प्रष्ट पार्नुहोस् ।
   What sorts of changes have occurred now in the lifestyle of people who live in the polar region? Clarify with an example.
7. वि.सं. २०५१ सालको निर्वाचनलाई किन मध्यावधिक निर्वाचन भनिन्छ ?
   Why it is called the mid-term election held in 2051 B.S.?
8. जनआन्दोलन ०६२/०६३ को तत्कालीन कारण कुन राजनीतिक घटनालाई मान्नुहुन्छ ? आफ्नो तर्क एक वाक्यमा लेख्नुहोस् ।
   Which political even do you accept the immediate cause of People's Movement, 062/063 B.S.? Write your opinion in a sentences.

**समूह 'ख' (Group 'B')**

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस ।**

**Write short answer of the following questions. 14x4=56**

9. नेपाललाई पाँच विकास क्षेत्रमा विभाजन गर्नुका कुनै चार ओटा कारणहरू उल्लेख गर्नुहोस् ।
   Mention any four causes of dividing Nepal into five development region.
10. देशमा सञ्चालित विकास आयोजनाहरू तोकिएको समयमा सम्पन्न हुन नसकी दुर्लभ स्रोत-साधन खेर गइरहेको छ । विकास आयोजनालाई तोकिएको समयमा नै सम्पन्न गरी विकासको प्रतिफल जनतामा पुऱ्याउन के गर्नुपर्ला ? आफ्नो सुझाव चार बुँदामा लेख्नुहोस् ।
    Development projects running in the country are not being completed in the given time, due to the reason, the scarce means and resources have been wasted. What can be done for implementing the projects in time and sharing the benefit to the targeted people? Write your suggestions in four points.

11. महिला सशक्तीकरण भनेको के हो ? महिलाहरूलाई सशक्त बनाउन नेपालमा सरकार पक्षबाट के कस्ता योजनाहरू थालिएका छन् ? कुनै तीन बुँदा लेख्नुहोस् ।
What is meant by women empowerment? What sort of initiatives been held by the government to empower women in Nepal? Write in three points.

12. दिइएको तथ्याङ्का आधारमा एउटा स्तम्भ चित्र खिच्नुहोस् ।
Draw a pie chart on the basis of following data.

| क्षेत्र (Sectors) | आवश्यक जनशक्तिको सङ्ख्या (No. of required manpower) |
|---|---|
| स्वास्थ्य (Health) | 170,000 |
| शिक्षा (Education) | 200,000 |
| उद्योग (Industry) | 75,000 |
| प्रशासन (Administration) | 48,000 |

13. विवाहमा बजाइने परम्परागत पन्चैबाजालाई पाश्चात्य बाजाले बिस्तारै विस्थापित गरिरहेको छ । सहरी क्षेत्रमा प्राय: विस्थापित गरिसकेको छ भने ग्रामीण क्षेत्रमा पनि बिस्तारै विस्थापित गर्ने क्रममा रहेको छ । पन्चैबाजालाई प्रचलनमा ल्याइ राख्न तपाईंको भूमिका चार बुँदामा लेख्नुहोस् ।
It is observed and found that our traditional Panche Bajas, played in wedding ceremony, are being displaced slowly by western musical instruments. In urban area, they are completely displaced but slowly and gradually in rural area. Write any four roles to keep up the use of them.

14. स्टेफन हकिङ्ग र हेलेनकेलरको जीवनी पढेपछि तपाईंमा शारीरिक अशक्त व्यक्तिप्रतिको धारणामा कस्तो परिवर्तन आयो ? आफ्नो धारणा चार ओटा बुँदामा लेख्नुहोस् ।
What changes did you have in attitude towards physical disabled after reading the life biography of Stephen Hawking and Helen Keller? Write your views in four points.

15. किन भुटानी शरणार्थीहरूले नेपालमा नै आश्रय लिएका हुन् ? आफ्ना चारओटा तर्क प्रस्तुत गर्नुहोस् ।
Why have Bhutanesee Refugees taken shelter in Nepal? Present your logic in four points.

16. तपाईंको विचारमा छुवाछुत प्रथा, दाइजो प्रथा, देउकी प्रथा र घुम्टो प्रथामध्ये कुनलाई सबैभन्दा गम्भीर सामाजिक कुप्रथा मान्नुहुन्छ ? किन ? तीन बुँदामा पुष्टि गर्नुहोस् ।
Which social problem do you think as a severe out of Untouchability, Dowry system, Deuki system and Ghumto system? Why? Write your opinion in three points.

17. दलीय व्यवस्था विश्वमा अत्यन्त लोकप्रिय शासन व्यवस्था भए तापनि नेपालमा राजनीतिक दलहरूप्रति जनताको विश्वास घटिरहेको पाइन्छ । जनविश्वास जगाउन दलहरूले के कस्ता कार्यहरू गर्नुपर्ला ? चार बुँदामा लेख्नुहोस् ।
Multi-party system is the most popular ruling system in the world; however the belief of Nepalese people towards the political parties is being deteriorated. What efforts should be done by the parties to increase people's belief. Write in four points.

18. भू-कम्प जाने कारणहरू र यसको असरहरूलाई छोटकरीमा वर्णन गर्नुहोस् ।
Describe in brief about the causes and effects of Earthquake.

19. तल दिइएका ऐतिहासिक घटनाहरूलाई उपयुक्त मिति राखी समय रेखामा देखाउनुहोस् ।
Show the following historical events by mentioning appropriate date in time line.
क) पिस्कर काण्ड (Piskar incident)
ख) सत्याग्रहको सुरुवात
(Introduction first Mass Movement)
ग) पहिलो अधिराज्यको संविधान २०४७ लागू
(Introduction constitution of kingdom of Nepal-2047)

20. पर्यटन वर्षसँगै आएको 'होमस्टे' को अवधारणाले स्थानीय विकासमा कस्तो भूमिका खेलेको छ ? कुनै चार बुँदामा उल्लेख गर्नुहोस् ।
How has the concept of home stay that has come with Tourism Year played role in the local development? Mention any four points.

21. संयुक्त राष्ट्र संघ कहिले स्थापना भएको हो ? संयुक्त राष्ट्र संघको स्थापना योगदान पुऱ्याउने दुई व्यक्तित्वहरूको नाम र योगदान लेख्नुहोस् ।
When was United Nations Organization established? Write name and contribution of two personalities in the establishment of United Nations Organization.

22. अन्य मुलुकमा शान्ति काम गर्न संयुक्त राष्ट्र सङ्घमार्फत सहभागी हुने नेपालले आफ्नो देशमा शान्ति कायम गर्न के के उपायहरू अपनाउनु पर्ला ? कुनै चार उपायहरू उल्लेख गर्नुहोस् ।
Nepal is involving to maintain peace in other countries through UN member. What can be done to maintain peace in Nepal. Mention any four ways.

**समूह 'ग' (Group 'C')**

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।**
**(Write long answer of the following question.) 4× 9 = 36**

23. २०६२/०६३ को जनआन्दोलनमा सहभागी कुनै छ ओटा राजनैतिक दलहरूको नाम लेख्नुहोस् । राजनैतिक दलहरूको प्रजातन्त्र स्थापना गर्न २००७, २०४६ र २०६२/०६३ मा खेलेको भूमिका छोटकरीमा प्रस्तुत गर्नुहोस् ।
Write the name of any six political parties involved in the mass movement of 2062/063. Briefly present the role of political parties in establishing democracy in Nepal in 2007, 2046 and 2062/2063.

24. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई ठीक संकेत र चिह्नको प्रयोग गरी दिइएका तथ्यहरू भर्नुहोस् ।
Draw the map of Nepal and place the following facts:
क) बनेपा-बर्दियाबास राजमार्ग (बि.पी. रजामार्ग)
(Banepa Bardibas Road)
ख) रारा ताल (Rara Lake)
ग) मुक्तिनाथ मन्दिर (Muktinath Temple)
घ) सगरमाथा हिमाल (Mt. Everest)
ङ) जनकपुर (Janakpur)
च) कफि उत्पादन मुख्यक्षेत्र (Coffee production area)

**अथवा**

दिइएको उत्तर अमेरिकाको नक्सामा निम्न लिखित तथ्यहरू भर्नुहोस् ।
Insert the following items in the given map of the North America.
क) ग्रीनल्याण्ड (Greenland)
ख) सुपेरियर ताल (Superior Lake)
ग) मिसीसिपी नदी (Mississippi River)
घ) अपलेचियन पर्वत (Appalachain Mountain)
ङ) हडसन खाडी (Hudson bay)
च) कर्कट रेखा (Tropic of Cancer)
छ) फ्लोरिडा (Florida)
ज) न्यूयोर्क (New York)
झ) सानफ्रान्सिस्को (Sanfransisko)

25. दोस्रो विश्वयुद्धका प्रमुख कारण र परिणामहरूलाई समेटी दुई साथीहरूबीच भएको एक संवाद तयार पार्नुहोस् ।
Draft a dialogue between two friends including major causes and consequences of World War II.

**अथवा**

**Same as SLC 2068 'B'**

26. नेपाल जस्तो देशको लागि पर्यटन उद्योगको के महत्त्व हुन सक्छ ? छ ओटा बुँदा लेखी व्याख्या गर्नुहोस् ।
What can be the importance of tourism for the country like Nepal? Write any six points and describe in the brief.

# अनुसुचि तीन

## सामाजिक अध्ययन विषयमा प्रश्नपत्रको विषयगत वैधताको विश्लेषण

**एस.एल.सी. परीक्षा २०६९ (2013) *(पूर्वाञ्चल विकास क्षेत्र)* RE-122 'A'**

पूर्णाङ्क: १०० उत्तीर्णाङ्क: ३२ समय: ३.०० घण्टा

**समूह 'क' (Group 'A')**

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **8×1=8**

**Write very short answer of the following questions:**

1. तलको तालिका पुरा गर्नुहोस् । Complete the following table:

| जाति/आदिवासी/जनजाति (Caste/ tribe) | वसोवास गर्ने ठाउँ (Area of settlement) |
|---|---|
| ........................... | झापा (Jhapa) |
| राई (Rai) | ........................... |

2. लागू पदार्थ ओसारपसार पूर्ण रूपले नियन्त्रण गर्न नसकिनुको कुनै एक कारण लेख्नुहोस् ।
Give one reasons for not being able to control the drug trafficking.
3. महान्यायाधिवक्ताको मुख्य काम के हो ?
What is the major function of Attorney General?
4. भूकम्प जाने विश्वको कुनै प्रमुख दुई क्षेत्रहरूको नाम लेख्नुहोस् ।
Name any two major earthquake prone zones of the world.
5. तल दिइएका तथ्यहरूलाई नक्सामा कस्तो सङ्केतद्वारा देखाइन्छ :
Which symbols are used to denoted the following facts in map?
a) राष्ट्रिय निकुञ्ज (National park) b) पर्वत (Mountain)
6. मौसमी क्षेत्रमा जनआबादी बाक्लो भएका कुनै दुई देशको नाम लेख्नुहोस् ।
Name any two countries which are in monsoon zone with high density of population.
7. वि. सं. २००७ सालमा भएको दिल्ली सम्झौतामा नेपालका तर्फबाट कुन कुन पक्ष सहभागी थिए ?
Who participated from Nepal on Delhi Agreement in 2007 BS?
8. पहिलो विश्वयुद्ध कहिले सुरु भई कहिले अन्त्य भएको थियो ?
When did the First World War begin and when did it end?

**समूह 'ख' (Group 'B')**


**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

**Write short answer of the following questions: 14×4=65**

9. "पूर्वाञ्चल विकास क्षेत्रमा बृहत रूपमा चियाखेती तथा सनपाट खेती गरिन्छ ।" यस कथनलाई उपयुक्त कारण दिई पुष्टि गर्नुहोस् ।
"Tea and jute are extensively cultivated in the Eastern Development Region." Justify the statement giving suitable reasons.
10. माध्यमिक शिक्षा सहयोग कार्यक्रमका सम्बन्धमा निम्नानुसारको विवरण लेख्नुहोस् ।
कार्यक्रमको अवधि (Duration of the program) : ..............
सम्बन्धित मन्त्रालय (Concerned Ministry) : ................
सहयोगी संस्था (Development Partners) : ....................
कुनै एक उद्देश्य (Any one objective) : ......................
11. 'शान्ति सु-व्यवस्था देश विकासको पहिलो सर्त हो ।' उदाहरणसहित पुष्टि गर्नुहोस् ।
'Peace maintenance is the first condition for nation's development.' Justify it with examples.
12. निम्न तथ्याङ्कलाई स्तम्भ चित्रमा देखाउनुहोस् ।
Show the given data in bar-diagram.

| विवरण (Items) | होटलको सङ्ख्या (Number of Hotel) |
|---|---|
| एक तारे (One star) | 210 |
| दुई तारे (Two stars) | 165 |
| चार तारे (Four stars) | 45 |
| पाँच तारे (Five stars) | 45 |

13. तपाईंको विद्यालयमा वैशाख ११ गते लोकतन्त्र दिवस मनाईदैछ । उक्त दिवसमा वक्तृत्वकला सञ्चालन हुने भएको छ । त्यसको शीर्षक "लोकतन्त्र र हाम्रो दायित्व" रहेको छ । उक्त शीर्षकमा बोल्नको लागि वक्तव्यको नमुना तयार गर्नुहोस् ।
Democracy day is being celebrated in your school on 11th Baisakh. Speech contest will be conducted on the day on "Democracy and Our Responsibilities." Prepare a model of speech to deliver.
14. दिइएको तस्वीर कसको हो ? तस्वीरमा दिइएको व्यक्तिले देशका लागि पुऱ्याएको मुख्य योगदान के हो ? उहाँबाट हामीले सिक्नुपर्ने कुराहरू के के हुन् ?
Whose picture is this? What is her major contribution to the nation? What should we learn from her?




15. नेपाली समाजमा भएका कुप्रथाहरू जस्तै: छुवाछुत, दाइजो प्रथा, देउकी प्रथा, छाउपडी प्रथा आदि प्रचलित छन् । यस्ता कुप्रथाहरूले आर्थिक र सामाजिक जीवनमा पार्ने दुई दुई असरहरू लेख्नुहोस् ।

Different malpractices like: untouchability, dowry, Deuki, Chaupadi etc. exist in Nepal. Write any two effects on social and economic life of such malpractices.

16. भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा पुनर्स्थापना गरिँदैछ। के यो शरणार्थी व्यवस्थापनको दीर्घकालीन समाधान हो ? तपाईंको विचार लेख्नुहोस्।
Third country settlement to Bhutanese refugees has been being done. Is this the long term solution to the management of refugees? Write your view.

17. मानव अधिकार भनेको के हो ? नेपालमा मानवअधिकारवादी सङ्घ संस्थाले मानवाधिकार प्रवर्द्धनका लागि के कस्ता कार्यहरू गरेका छन् ? कुनै तिन कार्यहरू लेख्नुहोस्।
What is Human Rights? What activities have human rights organizations done for promoting human rights in Nepal? Write any three activities.

18. दिइएको चित्र कुन हावापानीको प्रदेशको हो ? यस प्रदेशको हावापानीको विशेषता लेख्नुहोस्।



Which is the climatic region sown in the given figure? Write the characteristics of the climate regions.

19. तल दिइएको तालिका पूरा गरी समय-रेखामा देखाउनुहोस्।
Complete the following table below and show in a time line. (no need to show date)

| मिति (Date) | घटना (Events) |
|---|---|
| वि.सं. २०१५ फागुन १ गते (1 Fagun 2015 BS) | ........................ |
| ........................ | नेपालको संविधान २०१९ को घोषणा (Declaration of the Constitution of Nepal, 2019) |
| वि. सं. २०४७ कात्तिक २३ (23 Kartik 2047 BS) | ........................ |
| ........................ | नेपालको अन्तरिम संविधान २०६३ जारी (Declaration of the Interim Constitution of Nepal 2063) |

20. नेपालमा कुनै चार प्रसिद्ध पर्यटकीय स्थलको नाम लेखी ती पर्यटकीय स्थल के का लागि प्रसिद्ध छन् ? उल्लेख गर्नुहोस्।
Write the names of any four famous tourism areas of Nepal. State what they are famous for.

21. अन्तर्राष्ट्रिय सम्बन्ध भनेको के हो ? अन्तर्राष्ट्रिय सम्बन्ध अभिवृद्धि गर्ने कुनै तिनओटा उपायहरू उदाहरणसहित लेख्नुहोस्।
What is meant by international relationship? Write any three ways to promote international relation.

22. मानौं, तपाईंले संयुक्त राष्ट्र सङ्घका महासचिवसँग भेट गर्ने अवसर पाउनुभयो। भेटमा प्रस्तुत गर्नका लागि नेपालको वर्तमान शान्ति प्रक्रियाको प्रगति र नेपालमा दीर्घकालीन शान्ति स्थापनाका लागि योजना प्रस्तुत गर्नुहोस्।
Imagine, you got an opportunity to meet the UN Secretary General. Prepare a plan to present to him/her on the progress of ongoing peace process together with establishment of long-term peace in Nepal.

### समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।** **4×9=36**
**Write long answer of the following questions.**

23. वि. सं. २०६४ मा निर्वाचित संविधानसभाले नयाँ संविधान जारी नगरिकन अन्त्य भएको सन्दर्भमा नयाँ संविधान जारी गर्न नसक्नुका कारणहरू के के थिए ? नयाँ संविधान निर्माण गर्न अब के गर्नुपर्ला ? आफ्नो विचार व्यक्त गर्नुहोस्।
The constituent Assembly elected in 2064 BS ended without promulgating the constitution. What were the reasons behind the end of the assembly? What is to be done to formulate new constitution? Write your opinion.

24. 20 से. मी. लम्बाइ र 12 से. मी. चौडाइ भएको एउटा आयत खिँचेर त्यसभित्र नेपालको नक्सा बनाई निम्न तथ्यहरू उचित सङ्केतसहित भर्नुहोस्।
Draw a rectangle having 20 cm length and 12 cm breadth and sketch a map of Nepal within it and insert the following facts using suitable symbols.
कालीगण्डकी ए जलविद्युत परियोजना (Kaligandaki- 'A Hydro-project), कन्काई नदी (River Kankai), गणेश हिमाल (Ganesh Himal), भीमदत्त पन्त राजमार्ग (Bhimdatta Panta Highway), गोसाइकुण्ड (Goshai Kunda), र थारु जाति बसोबास गर्ने क्षेत्र (Tharu Settlement Area)

अथवा (Or)

दिइएको अफ्रिकाको नक्सामा निम्न तथ्यहरू भर्नुहोस्।
In the given map of Africa insert the following facts:
भिक्टोरिया ताल (Lake Victoria), लालसागर (Red Sea), केप टाउन (Cape Town), नमिब मरुभूमि (Namib desert), त्रिपोली (Tripoli), जन्जिबार टापु (Zanzibar island), पूर्वी लण्डन (East London), किलिमन्जारो पर्वत (Mt. Kalimanjaro), गुनियाको खाडी (Gulf of Guinea)

25. भर्सिलिज सन्धिले प्रथम विश्वयुद्ध हुनुमा जर्मनीलाई प्रमुख जिम्मेवार ठहऱ्यायो, किन ? कुनै चार कारणहरू उल्लेख गर्नुहोस्। तपाईंको मूल्याङ्कनमा युद्धमा सङ्लग्न अन्य राष्ट्रहरू कति हदसम्म जिम्मेवार थिए ? आफ्नो तार्किक विचार प्रस्तुत गर्नुहोस्।
The Versailles Treaty ascertained that Germany was the most responsible for the break out of the First World War, why? Mention four causes. To what extent were the nations involved in the war responsible for it? State with your logical opinion.

अथवा (Or)

मानौं, तपाईंले आफ्नो समुदायका स्थानीय बुद्धिजीवि, समाजसेवीसँग वि. सं. २०६३ पछिको राजनीतिक अवस्थाबारे कुराकानी गर्नुभयो। यस अवधिको राजनीतिक अवस्था सम्बन्धमा उहाँहरूको विचार, सन्तुष्टि/असन्तुष्टि, सुझाव र आफ्नो टिप्पणी उल्लेख गरी तल दिइएका शीर्षक बमोजिम एक प्रतिवेदन तयार पार्नुहोस्। 1+2+3+2+1=9
Imagine, you had a talk with local intellectual and social worker in your community about political condition after 2063 BS. Prepare a report mentioning their opinion, satisfaction/dissatisfaction, condition of the period on the basis of the following titles:

- शीर्षक (Title)
- उद्देश्य (Objectives)
- विवरण (Description)
- प्राप्ति (Finding)
- निष्कर्ष (Conclusion)

26. 'लुम्बिनी भ्रमण वर्ष, २०१२' को उपलब्धिको चर्चा गर्दै नेपालमा गुणस्तरीय पर्यटकको आगमन, बसाइ अवधि तथा नयाँ गन्तव्यको पहिचानमा यस्ता कार्यक्रमले कसरी प्रभाव पार्दछन् ? व्याख्या गर्नुहोस्।
Explain the achievements of Visit Lumbini Year 2012. How do such programs affect in bringing quality tourists, the duration of their stay and the identification of new destination in Nepal?

# अनुसुचि – चार

# सामाजिक अध्ययन विषयमा प्रश्नपत्रको विषयगत वैधताको विश्लेषण

## एस.एल.सी. परीक्षा २०७० (2014) (पुर्वाञ्चल विकास क्षेत्र) RE-122 'A'

अनिवार्य सामाजिक शिक्षा पूर्णाङ्क : १०० उत्तीर्णाङ्क : ४० समय : ३:०० घण्टा

### समूह 'क' (Group 'A')

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : 8×1=8

**Write very short answer of the following questions:**

1. पूर्वाञ्चल विकास क्षेत्रका कुनै दुई विशेषताहरू उल्लेख गर्नुहोस् ।
   State any two characteristics of eastern development region.
2. छुवाछुत प्रथालाई अन्त गर्न सकिने कुनै एउटा उपाय उल्लेख गर्नुहोस् ।
   Write any one measure to control the untouchability.
3. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हाल बढ्दो गतिविधि प्रति तपाईंको धारणा एक वाक्यमा लेख्नुहोस् ।
   Write your opinion in a sentences towards recent extended activities of commission for investigation of Abuse of Authority.
4. समशीतोष्ण सामुद्रिक हावापानीलाई संसारकै अन्य हावापानी भन्दा उपयुक्त हावापानी भनिन्छ, किन ? एक कारण लेख्नुहोस् ।
   The temperature Oceanic climate called appropriate than other climates in the world, why? Mention any one cause.
5. नक्सामा तलको तथ्यलाई कस्तो सङ्केतद्वारा देखाइन्छ ?
   Which symbols are used to denote the following facts in a map.
   a) नदी (River) b) राष्ट्रिय निकुञ्ज (National park)
6. "भूकम्पलाई रोक्न सकिँदैन तर विनाशबाट बच्न सकिन्छ ।" कसरी ? एक वाक्यमा प्रष्ट्याउनु होस् ।
   "Earthquake can not be stopped but we can prevent from the disaster." How? Clarify in a sentences.
7. वि.सं. २००७ सालदेखि २०१७ सालसम्म भएका कुनै दुई सामाजिक सुधार उल्लेख गर्नुहोस् ।
   State any two social reforms achieved during the period of 2007 to 2017 BS.
8. प्रथम विश्वयुद्धमा गोर्खाली सैनिकहरूले खेलेको भूमिका प्रति तपाईंको धारणा एक वाक्यमा लेख्नुहोस् ।
   Write your opinion towards the role played by Gorkhali Soldiers in first world war, in a sentences.

### समूह 'ख' (Group 'B')

तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।

**Write short answer of the following questions: 14×4=65**

9. विकास क्षेत्रका कुनै दुई कमजोर पक्ष र सङ्घीय शासन प्रणालीका कुनै दुई सबल पक्षहरू उपयुक्त उदाहरण सहित प्रष्ट पार्नुहोस् ।
   Clarify with appropriate examples the drawbacks of Development Regions and strengths of federal ruling system in any two points each of them.
10. मध्यपश्चिमाञ्चल विकास क्षेत्र र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको भौतिक वातावरणबिच दुईओटा समानता र दुईओटा भिन्नता छुट्याउनुहोस् ।
    Write the similarities and dissimilarities with references to the physical environment between Mid Western and Far Western Development Region in two points of each.
11. नेपालको आर्थिक विकास गर्न दिगो शान्ति किन आवश्यक छ ? उदाहरण सहित चार कारण प्रस्तुत गर्नुहोस् ।
    Why is sustainable peace necessary for economic development of Nepal? Mention four reasons with suitable examples.
12. तल दिइएको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाउनुहोस् ।
    Show the following figure in Bar graph.

| साधनका प्रकार (Types of means) | ग्रामीण क्षेत्र (Rural area) | सहरी क्षेत्र (Urban area) |
|---|---|---|
| रेडियो (Radio) | 50% | 53% |
| टेलिभिजन (Television) | 3% | 60% |
| कम्प्युटर (Computer) | 3% | 23% |
| टेलिफोन (Telephone) | 3% | 22% |

13. हाम्रो समाज विविध सांस्कृतिक पक्षमा धनी छ । यसको महत्व चार बुँदाहरूमा प्रष्ट पार्नुहोस् ।
    Our society is rich in various cultural aspects. Clarify its importance in four points.
14. "सहिद सप्ताह मनाउनु भनेको सहिद प्रतिको सम्मान हो ।" यो भनाइ प्रति तपाईंको धारणा चार बुँदामा लेख्नुहोस् ।
    "Celebration of martyrs' week is duly respect to the martyrs." Write your opinion to the statement in four points.
15. दिइएको चित्र कुन संस्थासँग सम्बन्धित छ ? यस संस्थाले नेपालमा गरेका कार्यहरू बारे छोटो टिप्पणी लेख्नुहोस् ।
    Which organization is related to the given logo? Write brief note on its functions in Nepal.
16. "दाइजो प्रथाले समाजमा आर्थिक तथा सामाजिक असर पार्दछ ।" आफ्नो विचार चार बुँदामा पुष्टि गर्नुहोस् ।
    "Dowry system affects economically and socially in society." Justify your opinion in four points.
17. राजनीतिक दलहरूले बहुदलीय शासन प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी एवम् पारदर्शी बनाउन पूरा गर्नुपर्ने कस्ता संवैधानिक सर्तहरू आगामी संविधानमा समेटिनु पर्ला ? दुई साथीबिचको संवादका आधारमा प्रष्ट पार्नुहोस् ।
    What constitutional terms shall be accumulated in the upcoming constitution that the political parties should fulfill to promote multiparty ruling system fair, completitive and transparent? Clarify in a dialogue between two friends.
18. उष्ण तृणभूमि क्षेत्रको हावापानीले त्यहाँ पाइने वनस्पतिमा कसरी प्रभाव पारेको छ ? उदाहरण सहित चार बुँदामा प्रष्ट पार्नुहोस् ।
    How has the climate of tropical grassland region affected in the vegetation found there? Clarify in four points with examples.
19. वि.सं. २०६३ पछिको परिवर्तनले तपाईंको समुदायमा परेको सकारात्मक सामाजिक प्रभाव चार बुँदामा छोटकरीमा लेख्नुहोस् ।
    Write in brief the positive social effects in four points that have occurred in your community after the change of 2063 BS.
20. पर्यटकीय सम्पदाहरूको पहिचान र प्रवर्द्धन गर्न सरकारले घोषणा गरेको 'पर्यटकीय क्षेत्रहरू' मध्ये तपाईंको विकास क्षेत्रमा पर्ने एक पर्यटकीय क्षेत्रको नाम र त्यसको विशेषता तिन बुँदामा छोटकरीमा लेख्नुहोस् ।
    Write the name and three characteristics of the tourist area briefly that lies in your development region among those which government has declared 'tourist areas' for identity and promotion of tourist heritages.
21. संयुक्त राष्ट्र सङ्घ स्थापनाको ऐतिहासिक पृष्ठभूमि छोटकरीमा लेख्नुहोस् ।
    Write in brief the historical background of the establishment of UNO.
22. अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको भूमिका त्यति प्रभावकारी हुन सकेको छैन, किन? चारओटा कारणहरू लेख्नुहोस् ।
    Nepal's role is not effective as expected in international forum, why? Write any four causes.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** 4×9=36

**Write long answer of the following questions.**

23. नेपालको संविधान बमोजिम व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अन्तर सम्बन्ध तिन/तिन बुंदामा प्रष्ट पार्नुहोस् ।
Clarify the inter relationship among Legislative, Executive and Judiciary in accordance with the constitution of Nepal in three points each.

24. पृष्ठभरिको नेपालको नक्सा बनाई पाँच विकास क्षेत्रमा विभाजन गर्नुहोस् र दिइएका तथ्यहरू उपयुक्त सङ्केत सहित भर्नुहोस् ।
Sketch the full page map of Nepal and divide it into five Development Regions and insert the following facts with appropriate index.
दार्चुला (Darchula), सिद्धार्थ राजमार्ग (Siddhartha Highway), सुनकोशी नदी (River Sunkoshi), मकालु-बरुण राष्ट्रिय निकुञ्ज (Makalu-Barun National Park), से-फोक्सुण्डो ताल (Lake Se-foksundo), चन्दननाथ मन्दिर (Chandan Nath Temple)

अथवा (Or)

दिइएको विश्वको रेखाङ्कित नक्सामा उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशसँग सम्बन्धित निम्न तथ्यहरू भर्नुहोस् ।
Insert the following facts related to North America, South America and Africa continent in the given outline of World Map.
मिचिगन ताल (Lake Michigan), लस एन्जलस (Los Angeles), मिसौरी नदी (River Missauri), एटाकामा मरुभूमि (Atacama Desert), फकल्याण्ड टापु (Falkland Island), ब्राजिलको उच्चभूमि (Brazilian Highland), ड्राकेन्सवर्ग पर्वत (Drakensberge Mountain), सभाना घाँसे भूमी (Savana grassland), हीरा पाइने क्षेत्र (Diamond found area)

25. यदि सर्वियनहरूले अष्ट्रिया-हंगेरी विरुद्ध बदलाको भावना नराखेको भए प्रथम विश्वयुद्ध हुँदैनथ्यो । प्रथम विश्वयुद्धबाट पाठ सिकेर एक आपसमा बदलाको भावना नराख्न अनुरोध गर्दै नेपालका राजनैतिक दललाई छओटा बुंदामा छोटो सुझाव दिनुहोस् ।
If the Serbian did not take feeling of the revenge against Austria–Hungary the first world--war would not be occurred. Suggest th Nepalese political parties in six points briefly to focus on mutual understanding. not to keep feeling of revenge each other learning the lesson from the first world–war.

अथवा (Or)

मानौं, तपाईंले नेपालको ऐतिहासिक घटनासम्बन्धी एक परियोजना कार्य गर्नुभयो । अध्ययनका शीर्षक "२०१७ साल अघिका राजनीतिक घटना" भन्ने थियो । तलका बुँदाका आधारमा एक प्रतिवेदन तयार पार्नुहोस् । 2+5+2=9
Suppose, you have completed a project work regarding the historical events of Nepal, entitled "the political events before 2017 B.S." Write a report in accordance with the following points.
- जानकारी कसरी सङ्कलन गर्नु भयो ?
(How did you collect information?)
- के के जानकारी पाउनु भयो
(What information did you get?)
- तपाईंको निष्कर्ष के हो ? (What is your conclusion?)

26. नेपालमा पर्यटनको दृष्टिले महत्वपूर्ण स्थलहरू आजसम्म पनि राष्ट्रिय पहिचान पाउन नसक्दा पर्यटन उद्योगको विस्तार हुन पाएको छैन । ती ठाउँहरूलाई पर्यटकीय स्थलको रूपमा स्थापित गर्न स्थानीय समुदाय र नेपाल सरकारले के के भूमिका निर्वाह गर्नुपर्छ ? चार/ चार ओटा भूमिका उल्लेख गर्नुहोस् ।
The tourism industry has not been enlarged since they have not got national recognition although the important places from view point of tourism development in Nepal. What significant role should be played by Nepal government and local community so as to meake themwell –established tourism centers in Nepal. Explain four roles of each.

## अनुसुचि – पाँच

## सामाजिक अध्ययन विषयमा प्रश्नपत्रको विषयगत वैधताको विश्लेषण

## प्रधानाध्यापकको लागि प्रश्नावली

विधालयको नाम : योग्यता:

प्रधानाध्यापकको नाम : अनुभव अवधि

स्थायी ठेगना : नियूक्ति मिती :

१. तपाईको विद्यालयमा कुन कुन तहमा कति कति जना शिक्षकहरु रहनु भएको छन् ?

२. दैनिक कार्य तालिका अनुसार सामाजिक शिक्षकलाई साप्ताहिक कति घण्टी दिनुभएको छ ?

३. तपाईकले सामाजिक विषयको कक्षा अवलोकन गर्नुभएको छ ?

४. तपाईले शिक्षकलाई तालिममा सहभागीता गराउदा कसरी गराउनु हुन्छ ?

५. सामाजिक बिषय शिक्षकले प्रश्नपत्र निर्माण गर्दा तपाई संग के कस्तो सल्लाह /सुझाव लिनु हुन्छ?

६. विषयशिक्षक ले निर्माण गरेको प्रश्नपत्रलाई तपाईले कसरी मुल्याङ्कन गर्नुहून्छ ?

७. तपाईले प्रश्नपत्रमा हेर्दा प्राप्त भएका कमिकमजोरीहरु लाई हटाउन के कस्तो सुझाव दिनुभएको छ?

८. तपाईले एस.एल.सी परीक्षामा प्रश्नपत्रको पुनरावलोकन गनुभएको छ ?

९. तपाईले एस.एल.सी परीक्षा प्रश्नपत्रको पुनरावलोकन गर्दा केही कमी कमजोरी देख्नु भएको छ ?

# अनुसुचि – छ

# सामाजिक अध्ययन विषयमा प्रश्नपत्रको विषयगत वैधताको विश्लेषण

## विशिष्टिकरण तालिका

### एसएलसी विशिष्टीकरण तालिका - २०६५

| एकाइ | विषय क्षेत्र | पाठ्य भार (%) | ज्ञान र बोध (Knowledge & understanding) 32% | | | प्रयोगात्मक तथा खोजमूलक सीप (Practical / application & research skill) 27% | | | समालोचनात्मक चिन्तन र सिर्जनात्मक सीप 9 | | | अभिवृत्ति तथा मूल्य (Attitudes & values) 18 % | | | जम्मा प्रश्न सङ्ख्या | जम्मा अङ्क भार | समय (मिनेटमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | | | |
| १. | हामी, हाम्रो समुदाय र राष्ट्र | ८ | | १ | | | | १ | | १ | | | | | ३ | ९ | १८ |
| २. | हाम्रा विकासका पूर्वाधारहरू | ८ | | १ | | | १ | | | | | | | | २ | ८ | १६ |
| ३. | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू | ८ | | | | | | | | १ | | | १ | | २ | ८ | १६ |
| ४. | सामाजिक समस्या र समाधान | १० | | १ | | | | | | | १ | | १ | | ३ | ९ | १८ |
| ५. | नागरिक चेतना | १४ | १ | | १ | | | | | | | | | १ | ३ | १४ | २३ |
| ६. | हाम्रो पृथ्वी | १६ | | १ | १ | १ | | १ | | | १ | | | | ५ | १६ | २७ |
| ७ | हाम्रो विगत | १४ | | | १ | | १ | | १ | | | | | १ | ४ | १५ | २५ |
| ८. | आर्थिक क्रियाकलाप | १४ | १ | | | | १ | | | | | | | | २ | १३ | २१ |
| ९. | अन्तर्राष्ट्रिय समझदारी, शान्ति र सहयोग | ८ | | १ | | | | | | १ | | | | | २ | ८ | १६ |
| | कुल जम्मा | १०० | २ | ५ | ३ | १ | ४ | २ | १ | ३ | २ | | २ | २ | २६ | १०० अङ्क | १८० मि |

**अङ्क विभाजन** / **समय विभाजन**

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | अङ्क विभाजन | जम्मा अङ्क भार | |
|---|---|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | १ प्रश्न र ९ अङ्क | ४ प्रश्न र ९ अङ्क = ३६ अङ्क | ४ प्रश्न र १३ मिनेट = ५२ मिनेट |
| छोटो उत्तर आउने प्रश्न | १४ | १ प्रश्न र ४ अङ्क | १४ प्रश्न र ४ अङ्क = ५६ अङ्क | १४ प्रश्न र ८ मिनेट = ११२ मिनेट |
| अति छोटो उत्तर आउने प्रश्न | ८ | १ प्रश्न र १ अङ्क | ८ प्रश्न र १ अङ्क = ८ अङ्क | ८ प्रश्न र २ मिनेट = १६ मिनेट |
| जम्मा- | २६ | जम्मा- | १०० अङ्क | जम्मा = १८० मिनेट (३ घण्टा) |

**द्रष्टव्य:**

*(क) नेपाललगायत विश्व परिवेशमा घटेका समसामयिक घटनाहरूबाट पनि विभिन्न स्तरका प्रश्नहरू सोध्न सकिनेछ। यस्ता प्रश्नहरू सामजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकसँग सान्दर्भिक हुनुपर्नेछ।*

*(ख) एकाइ ६ अन्तर्गत सोधिने लामो उत्तरात्मक प्रश्नमा नेपालको नक्सा बनाई दिइएका तथ्यहरू भर्ने र दिइएको महाद्वीपको नक्सामा तथ्यहरू भर्नेमध्ये कुनै एक प्रश्न अनिवार्य रूपमा सोधिने छ।*

*(ग) सामुदायिक कार्यसँग सम्बन्धित हुने गरी परियोजना कार्य र क्षेत्र भ्रमणका विभिन्न अङ्गहरू जस्तै: कार्ययोजना, विधि, साधन र प्रतिवेदन वा प्रतिवेदनका विभिन्न भागहरूमध्ये कुनै एक अङ्क समेट्ने गरी जुनसुकै एकाइबाट जुनसुकै तहमा समायोजन गरी कम्तीमा एक प्रश्न सोधिने छ।*

# अनुसूची सात

## सामाजिक अध्ययन विषयमा प्रश्नपत्रको विषयगत वैधताको विश्लेषण

### लक्षित समुह छलफल लागी तयार पारिएको प्रश्नावली

१. सामाजिक विषयको पाठ्यक्रम र पाठ्पुस्तकको प्रयोगको वर्तमान अवस्था

२. सामाजिक विषयको पाठयोजना निर्माणमा पाठ्यक्रमको प्रयोग

३. सामाजिक विषयले राखेको उदेश्यहरु अनुरुप पाठ्यवस्तु रहेको

४. सामाजिक बिषयले राखेको उदेश्यहरु अनुसार विद्याथीहरुको बौद्धिक सक्षमता जाच्न सकिने

५.सामाजिक अध्ययन विषयप्रति विद्याथीहरुको सोच

६. विशिष्टीकरण तालिकाको निर्माणर प्रयोग के कसरी गर्ने

७. एस.एल.सी परीक्षामा विषयवस्तु अनुसार प्रश्नपत्रले सबै एकाईलाई समेट्न सकेको

८. एस.एल.सी परीक्षाको प्रश्नपत्र विद्यार्थीको बौद्धिक स्तर अनुसार भएको

९.एस.एल.सी परीक्षाको प्रश्नपत्र के कस्ता आधारमा निर्माण गरिएको

१०. प्रश्नपत्रमा पाठ भन्दा बाहिर बाट आएको सामन्य ज्ञान समेट्ने प्रश्नहरु के कति रहेका

११. प्रयोगात्मक तथा खोजमुलक प्रश्नहरुले विद्यार्थीहरुलाई के कस्ता सहयोग पुऱ्याउने

१२. विद्यार्थीहरुमा समालोचनात्मक चिन्तन र सिर्जनात्मक सीप को विकास कसरी गराउन सकिने

१३. विषयगत परीक्षा अनुसार लामो तथा छोटो उत्तरात्मक प्रश्न कसरी निर्माण गर्न

१४. एस.एल.सी परीक्षामा सामाजिक विषयको प्रश्नपत्र माथिको विषयगत वैधता कसरी निर्धारण गर्ने

१५ . एस.एल.सी परीक्षाका सामाजिक विषयको पुनरावलोकन के कसरी गरीएको

१६ .सामाजिक विषयको पुनरावलोकन गर्दा देखापरेका समस्याहरु र समाधानका उपायहरु